# लेखहरूको संगालो



पुस, २०८२

## कृतज्ञता

यस प्रकाशनका लागि आफ्नो ज्ञान, अनुभव, संस्कृति, संघर्ष र सफलताका कथाहरू सुनाएर लेखहरूमा समेट्न अनुमति दिनुहुने सम्बन्धित आदिवासी समुदाय र महानुभावहरूप्रति कृतज्ञ छौं ।

यो प्रकाशनमा 'ओइतुङ्ग', 'डुङ्गाको आविष्कार गर्ने आधुनिक नेपाल निर्माणमा योगदान दिने माझी जाति', 'साइनो अभियानले जोगाउँदै थारू जातिको पहिरन', 'कुलुङ राई जाति र अल्लो', 'छेस्काम, ऊन र कुलुङ राई जातिबीचको सम्बन्ध', आदि लेखहरू समावेश छन् । अनुसन्धानकर्ता नारायणभक्त राई, एकराज चौधरी, माझी जातिसम्बन्धी लेखबारे सल्लाह र सुझाव दिनुहुने नेपाल माझी उत्थान संघका केन्द्रीय अध्यक्ष चिनिमाया माझी, नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषद् सचिवालयका पदाधिकारीहरू र नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन साझेदारी कार्यक्रम, साथै भाषा सम्पादनमा सहयोग पुऱ्याउनु हुने अमिता राईप्रति आभारी छौं । यो कामका लागि आइयुसियन (IUCN) को पोदोङ आदिवासी पहलमार्फत् सहयोग गर्ने Global Affairs Canada लाई पनि धन्यवाद दिन चाहन्छौं ।

हाम्रो यो प्रयासले आदिवासी जनजातिको भोगाई एवं सँस्कृति अभिलेखिकरण र पुस्ता हस्तान्तरणमा टेवा पुऱ्याउनेछ । यी लेखहरू आदिवासी अधिकार र साँस्कृतिक निरन्तरताको अभियानमा सहयोगी हुने विश्वास लिएका छौं ।

टुङ्ग भद्र राई
जलवायु परिवर्तन साझेदारी कार्यक्रम
नेपाल आदिवासी जनजाति महासंघ

## विषय-सूचि

१. ओइतुङ्ग ३-१३
२. डुङ्गाको आविष्कार गर्ने आधुनिक नेपाल निर्माणमा योगदान दिने माझी जाति १४-२४
३. साइनो अभियानले जोगाउँदै थारू जातिको पहिरन २५-२८
४. कुलुङ राई जाति र अल्लो २९-३७
५. छेस्काम, ऊन र कुलुङ राई जातिबीचको सम्बन्ध ३८-४६

# ओइतुङ्ग

■ नारायणभक्त राई, मोरङ

## ओइतुङ्गको परिचय

ओइतुङ्ग किरात राई जातिको समाज विकास क्रमको सदियौँ पुरानो परम्परागत संस्था हो। यस संस्थाले एउटा समाजलाई बाँधेको हुन्छ। यो समाजभन्दा बाहिर रहेर जीवनयापन गर्न उनीहरूलाई मुश्किल हुन्छ। विश्व समाजमा भाषामा विविधता छ। त्यसको रङ्ग राई जातिमा पनि पाइन्छ। घरलाई राई जातिभित्रका कसैले 'किम', 'कोम', 'खिम', 'खोम' भन्दै जाँदा लिम्बू जातिमा पुग्दा 'हिम' हुन्छ। उसै गरी वंशभित्रका दाजुभाइको समूहलाई कसैले 'ओइतुङ्ग' भन्छन्, कसैले 'वत्तो भाइ', 'वात्तो भाइ', कसैले 'वत्तुङ्ग भाइ', 'ओइटुङ्ग', 'ऐइतुङ्ग' भन्ने गरेको पनि पाइन्छ। जजसले जेजे नामले सम्बोधन गरेपनि शाब्दिक अर्थमा वंशीय दाजुभाइ हो। अथवा एउटै पुर्खाका सन्तानको समूह भन्ने बुझिन्छ। राई जातिमा एकै पाछा, एकै सामे भएकाहरू दाजुभाइ र छोरीचेली हुन्छन्। उनीहरू पूर्व, पश्चिम, उत्तर र दक्षिण जहाँ बसे पनि तीन छाके दाजुभाइ मानिन्छन्। हजारौँ वर्ष भएको भएता पनि उनीहरूबीच बिहाबारी हुँदैन। त्यसरी बाँधिएको भाइ समाजलाई 'ओइतुङ्ग' भनिन्छ। यस ओइतुङ्गले आफ्नो ओइतुङ्ग परिवारभित्र आइपरेका समस्याहरू अथवा कामहरूमा सक्रियताको साथ जिम्मेवारी र भूमिकाहरू निर्वाह गर्दछन्। ओइतुङ्ग समाजले निर्माण गरेको सामाजिक, सास्कृतिक, परम्परागत मूल्य र मान्यताहरू प्रथाजनित कानुनको रूपमा रहेको हुन्छ। जसलाई इमान्दारिताका साथ निर्वाह गर्न नसके दण्डको समेत व्यवस्था गरिएको हुन्छ। ओइतुङ्गमा दण्डको मात्र व्यवस्था हुँदैन। यदि राम्रो काम गरेमा प्रशंसा र उपहारको पनि व्यवस्था गरिएको हुन्छ। आफ्नो वंशमा जन्मदेखि मृत्यसम्म परिआउने विभिन्न किसिमका कार्यहरूमा ओइतुङ्गहरू एकजुट हुने गर्दछन्।

## ओइतुङ्गका प्रकारहरू

एउटा भूखण्डमा बसोबास गरेका एउटै गाउँभित्रका सबै घर परिवार ओइतुङ्गहरू नै हुन् तथापि टाढानजिकको आधारमा ओइतुङ्गहरूलाई विभाजन गरिएको पाइन्छ। विशेषतः ओइतुङ्गहरू तीन किसिमका हुन्छन् :

### १. धि ओइतुङ्ग

एकै परिवारका दाजुभाइहरूलाई धि ओइतुङ्ग भनिन्छ। जसको तीन वा पाँच पुस्ताभन्दा बढी भएको हुँदैन। यसलाई एकै घरको सन्तान पनि भन्न सकिन्छ। यस ओइतुङ्गको जिम्मेवारी अरू ओइतुङ्गहरूको भन्दा ज्यादा हुन्छ।

### २. छि ओइतुङ्ग

अलिक परको दाजुभाइहरूलाई छि ओइतुङ्ग भनिन्छ। जस्तो दश पुस्ता, बीस पुस्ता भएको दाजुभाइहरू छि ओइतुङ्गअन्तर्गत पर्दछन्। यस ओइतुङ्गको जिम्मेवारी धि ओइतुङ्गको भन्दा कम हुन्छ।

**राई जातिमा एकै पाछा, एकै सामे भएकाहरू दाजुभाइ र छोरीचेली हुन्छन्। उनीहरू पूर्व, पश्चिम, उत्तर र दक्षिण जहाँ बसे पनि तीन छाके दाजुभाइ मानिन्छन्। हजारौँ वर्ष भएको भएता पनि उनीहरूबीच बिहाबारी हुँदैन।**



सूचनादातासँगको अन्तर्वार्ता । तस्विरः नारायणभक्त राई

### ३. पर्मा ओइतुङ्ग

पर्मा ओइतुङ्गमा अरू पाछाका राईहरू, अरू भाषा बोल्ने राईहरू र अरू जातिका मानिसहरू पर्दछन्, जसमा क्षेत्री, बाहुनलगायत अन्य सबै जातका मानिसहरू पर्दछन् । तर उनीहरू एउटा भूगोलभित्र बसोबास गरेको हुनुपर्दछ । खोलाले छिनेको छ, डाँडाले छिनेको छ, भिरले छेकेको छ र एउटा निश्चित क्षेत्रभित्र साझा बसोबास रहेको ओइतुङ्गलाई पर्मा ओइतुङ्ग भनिन्छ । यसलाई गाउँले दाजुभाइहरू पनि भन्न सकिन्छ ।

## विवाहमा ओइतुङ्गको भूमिका र जिम्मेवारीहरू

### क. गाजी/गाछी घर

गाजी घर भनेको कन्यार्थमा जाँदाखेरि बेहुला अथवा बेहुलीको घरलाई गाजी घर भनिन्छ । त्यस घरमा कि बुहारी भित्र्याइन्छ,कि त छोरीलाई बिदाइ गरिन्छ । जुन घरमा विवाह हुँदैछ, त्यो घर नै गाछी घर हो ।

### ख. धि ओइतुङ्ग घर

एकै घरका धेरै छोराहरू भएमा त्यसमा विवाह हुने घर गाजी घर भयो भने अरू घर धि ओइतुङ्गहरू हुन्छन् । जस्तो; एउटाको तीनभाइ छोरा छन् भने जेठाको घरमा विवाह हुँदैछ भने माइला र कान्छा धि ओइतुङ्ग हुन्छन् । यसलाई परिवारभित्रको दाजुभाइ भन्न सकिन्छ । अथवा धिवात्तुङ्ग जे भनेर बुझे पनि हुन्छ ।

उनीहरूलाई वंशभार पनि लाग्दछ । भन्नुको अर्थ विवाह कार्य सम्पन्न गर्न जिम्मेवारी अनुसारको सरो, ठेकी, भेटी (कुनै किसिमको अर्थ, अन्नपात, लत्ताकपडा वा अन्य कुनै कुराहरूको भार) बुझाउनुपर्दछ । मुख्य रूपले विवाह कार्य सम्पन्न गर्ने जिम्मेवारी नै उनीहरूमा रहेको हुन्छ ।

### ग. छि ओइतुङ्ग घर

यस किसिमका ओइतुङ्गहरूले धि ओइतुङ्गले जसरी

अनिवार्य सरो, ठेकी, भेटी बुझाउनुपर्दैन। तर पर्मा ओइतुङ्गहरूले भन्दा ज्यादा सरो, ठेकी, भेटी बुझाउने चलन हुन्छ।

**घ. पर्मा ओइतुङ्ग घर**

पर्मा ओइतुङ्गहरूले अरू ओइतुङ्ग जसरी सरो, ठेकी, भेटी बुझाउनुपर्दैन। आफ्नो गच्छे अनुसार बुझाए हुन्छ।

## मगनी गर्न कुटुम्ब आउँदा ओइतुङ्गको भूमिका

कसैको छोरी मगनी गर्न जाँदा सोझै (सिधै) केटीको घरमा गएर माग्न मिल्दैन वा पाइदैन। जेठाको छोरीको विवाह गर्ने उमेर पुगेपछि मगनी गर्न कुटुम्ब आउने कुरा चलेमा पहिले माइला अथवा कान्छा अथवा उसको फुपुहरूकोमा कलिया (कोङ्पी) गएर कुरा गर्नुपर्दछ। त्यसपछि माइला अथवा कान्छा अथवा उसको फुपुहरूले यसरी फलाना, हाम्रो छोरी, भदैनी माग्नलाई आउने रे भनेर केटीको बाउ (बुबा) आमासँग कुरा चलाउनुपर्दछ।

त्यसरी कुरा चलाई सकेपछि बाउआमाले लु आउनु भनेपछि केटा पक्ष केटी माग्नलाई आउने गर्छन्। केटी माग्न आउने भएपछि केटी पक्षबाट पनि बडा वा काका वा नजिकको ओइतुङ्गलाई कलिया बनाइन्छ। त्यसपछि बडा वा काकाको घरमा दुई पक्षको कलिया भेट भएर कुरा गरेपछि लु जाउँ है भनेर गाजी घरमा जाने गर्दछन्।

त्यसदिन गाजी घरले नजिकका ओइतुङ्गहरू सबैलाई बोलाउनुपर्दछ। गाजी घरमा सबैजना भेला भइसकेपछि



ओइतुङ्गमा दाजुभाइ (वंश) भेला। तस्विरः नारायणभक्त राई

कलिया ओइतुङ्गले-'यसरी कन्या अर्थमा यो पाछाको राईहरू आएका छन् ।

केटा र केटीको अब वंश, मावली, बुढमावली, कुप्रीमावलीहरू मिल्छ कि मिल्दैन ? नाता केलाउनुपऱ्यो । हुन्छ कि हुँदैन ?

केटा र केटीको मन्जुरी के हुन्छ ? बाउआमाले दिन्छन् कि दिँदैनन् ?' भनेर केलाई दिनुपर्छ । ती सबै मिलेमा मात्रै विवाह हुन्छ ।

## विवाहमा ओइतुङ्गको काम विभाजन

विवाहमा ओइतुङ्गहरूलाई सीप र क्षमता अनुसारको काम बाँडफाँड गरिन्छ । ककसले केके गर्ने ? भनेर कामको विभाजन गरिन्छ । एक भाइले सुङखिम बनाउने, अर्को भाइले दाउराको बन्दोबस्त गर्ने, अर्कोले रातीको लागि उज्यालोको व्यवस्था मिलाउने, जाडो छ भने दाउराको प्रबन्ध गरिदिनुपर्छ । ओइतुङ्ग घरका छोरीबुहारीहरूले पात टिपेर दुना, टपरी बुन्ने, कति बुन्ने? कहाँ राख्ने ? अब रीतभाँतको लागि कसले जिम्मेवारी लिने ? विवाह गर्दा पुर्खा को हो ? नछुङ (धामी) को हो ? कति बजे गर्ने ? कसरी गर्ने ? केके गर्ने ? रीतमा के गर्ने ? रीत कति माग्ने ? भाँडाकुँडा कसले जम्मा गर्ने ? कसले माझ्ने ? भान्सा कसले हेर्ने, कहाँनिर खाना बनाउने ? कतिबेला दिने ? पाहुनाहरूले खाना, पानी खाए, नखाएको कसले हेर्ने ? निम्तालुहरूले खाए खाएनन् ? भोक,तिर्खा कसले हेर्ने ? जस्ता सबै काम ओइतुङ्गहरूमा भाग लगाइन्छ । ती भाग लागेको काम सबैले जिम्मेवारीपूर्वक पूरा गर्नुपर्दछ । किनभने यो भनेको पर्म हो । त्यस्तै कार्जे (काम) आफ्नो घरमा पऱ्यो भने फेरि त्यही ओइतुङ्गले आफुलाई पनि सघाउँछन् । विवाहको दिन वा त्यो भन्दा पहिले नै सघाउनीको रूपमा ओइतुङ्ग भाइहरूले अन्नपात, जाँडरक्सी सघाउने गर्दछन् । विवाह समापन भइसकेपछि पुनः गाछी घरमा ओइतुङ्ग भेला हुन्छ । त्यो दिन ककसलाई केके जिम्मेवारी दिइएको थियो ? त्यस बारेमा छलफल गरिन्छ । कोही बिरामी भयो, काटियो, कुटाई खायो, न्यायमा हाऱ्यो भने गाजी घरले सायेरेम्मा (शिर उठाउनी) गर्नुपर्दछ । कार्जेमा शिर ढल्यो भने शिर उठाउनी गरिन्छ । ककसले केके काम गरे, त्यस अनुसार सुँगुरको करङ राखिदिने, टाउको राखिदिने, चामल राखिदिने, साथै आवश्यक्ता अनुसारका अरू सामग्रीहरू राखिदिएर सबैलाई धन्यवाद दिइ विदा दिने चलन हुन्छ । यसलाई सायेचुङ्गमा भन्ने गरिन्छ । सायेचुङ्गमाको अर्थ हाम्रो शिर अग्लो ठाउँमा छ, छदैंछ, अझै माथि उठाउने भनेर फेटा गुथेर सायेचुङ्गमा गरिन्छ । यसरी एउटा घरमा परेको विवाह कार्जे सबै ओइतुङ्गले मिलेर सम्पन्न गरिदिन्छन् । यसप्रकार विवाह भनेको केटा र केटीको मन मिलाएर मात्रै हुँदैन । एउटा परिवार र अर्को परिवार नातासम्बन्ध जोड्ने मात्र पनि हैन । त्यो भनेको एउटा वंश र अर्को वंशको बीचमा कुटुम्ब जोड्ने कुरा पनि हो । त्यसरी जोडिने नातासम्बन्धहरूमा ओइतुङ्ग भाइको ठूलो भूमिका रहेको हुन्छ ।

### ती बाहेक विवाहमा ओइतुङ्गको मुख्य भूमिकाहरू

**क. बागदत्ता अथवा वचनधारा**

बागदत्ता विवाहको सबैभन्दा महत्वपूर्ण पक्ष हो । बागदत्ता भन्नाले बेहुलीपट्टिकाले पूर्णरूपमा बेहुलापट्टिकालाई केटी जिम्मा लगाउने कुरा हो । अथवा आफ्नो छोरीचेलीलाई आफ्नो चुलाबाट निकालेर जुवाइँको चुलामा सार्ने प्रक्रिया हो । बागदत्ता नदिएसम्म केटा र केटीबीच विवाह पूर्ण भएको हुँदैन । बागदत्ता नदिएसम्म छोरीचेली जुवाइँको हुँदैन । जुवाइँले फटाइँ गरेमा छोरी नदिन पनि सक्छन् । बेहुलीपक्षले बागदत्ता नदिएसम्म बेहुली पूर्णरूपमा बेहुलाको हुँदैन । बागदत्ता नदिएको विवाहित केटीको मृत्यु भएमा केटापट्टिकाले दाहसंस्कार गर्न पाउँदैनन् । त्यसैले किरात राई जातिमा यो निकै

महत्वपूर्ण प्रथाको रूपमा चलिआएको पाइन्छ। तसर्थ विवाहमा वचनधाराको ठूलो महत्व रहेको हुन्छ।

बागदत्ता दिँदा सबै ओइतुङ्ग भाइहरू भेला भएको हुनुपर्दछ। सबै भेला भइसकेपछि बागदत्ता यसप्रकार बोलिन्छ ः

बागदत्तामा एक थान काँसे डबका, एक बोतल वा चिण्डो रक्सी, एक रूपियाँ पैसा, अदुवा र चामल केटापट्टिकोले राख्नुपर्छ। फेरि केटीपट्टिकोले पनि काँसको डबका र एक बोतल वा चिण्डो रक्सी राख्नुपर्छ, जसमा दुवैपट्टिबाट ल्याएको डबकालाई एक ठाउँमा राखिन्छ। त्यसपछि दुवैपट्टिबाट ल्याएको रक्सीलाई मिसाई बागदत्ता बोलिन्छ।

बागदत्ता दिँदा निकै चर्काचर्की हुनेगर्दछ। पुर्खाहरूले तीनपुस्ते बोल्दै केटीलाई केटापट्टि जिम्मा दिनेगर्दछन्, जसमा केटापट्टिकाले सम्पूर्ण रूपमा जिम्मा लिनुपर्छ। 'हाम्रो छोरीचेलीलाई कहाँ राख्छौ ? भोलि हेलाहोचो हुन्छ कि हुँदैन ?' आदि जस्ता प्रश्नहरू केटपिट्टिकालाई सोधिन्छ, जसमा केटापट्टिकाले नम्र भएर केटीपट्टिकालाई चित्तबुझ्दो जवाफ दिनुपर्छ र जिम्मा लिनुपर्दछ। त्यसरी जिम्मा लिँदा र दिँदा दुई वचनधारा र तीन बाचा बोलीदिने र लिने चलन छ।

जस्तैः केटीपट्टिकाले बोल्ने बागदत्ताः फलानो सामे, फलानो पाछा भएको फलानी (केटीको नाम) फलानो सामे, फलानो पाछा भएको फलानो (केटाको नाम) लाई आजदेखि एक दियौँ, दियौँ दियौँ।

दुई दियौँ, दियौँ दियौँ। फलानो सामे, फलानो पाछा भएको फलानी (केटीको नाम) फलानो सामे, फलानो पाछा भएको फलानो (केटाको नाम) लाई आजदेखि एक दियौँ, दुई दियौँ, तीन दियौँ, दियौँ दियौँ।

**केटापट्टिकाले बोल्ने बागदत्ताः** फलानो सामे, फलानो पाछा भएको फलानी (केटीको नाम) लाई आजदेखि फलानो सामे, फलानो पाछा भएको फलानो (केटाको नाम) का लागि एक पायौँ, पायौँ, पायौँ। दुई पायौँ, पायौँ पायौँ। फलानो सामे, फलानो पाछा भएको फलानी (केटीको नाम) लाई आजदेखि फलानो सामे, फलानो पाछा भएको फलानो (केटाको नाम) का लागि एक पायौँ, दुई पायौँ, तीन पायौँ, पायौँ, पायौँ। यसरी बागदत्ता बोलिसकेपछि त्यस दिनदेखि केटीको भार माइतीदेखि समाप्त भएर केटाकोमा सर्छ।

### ख. सुङ खिम बनाउने

सुङ खिम भनेको विवाहमा जन्ती कति आउदैछन्, त्यसको आधारमा राती बस्नको लागि तयार पारिने घर हो। यसमा जन्तीहरूलाई राख्ने गरिन्छ। पहिलेपहिले अहिलेको जस्तो यातायातको व्यवस्था थिएन। टाढाबाट हिँडेर विवाह घरसम्म पुग्नुपर्ने हुन्थ्यो। फेरि त्यहीँ दिन फर्केर घर पुग्नसक्ने अवस्था नहुने हुँदा जन्ती, पाहुनाहरूलाई रातमा बास बस्नको लागि सुङ खिम बनाउने गरिन्थ्यो।

### ग. भाइ खाने रीत

यसमा बेहुला पक्षले बेहुली पक्षका काका, बडाहरू सबैलाई भाग दिनुपर्छ। त्यसरी दिइने रीतलाई भाइ खाने रीत भनिन्छ। त्यो भनेको ओइतुङ्ग भाग हो। यसमा धि ओइतुङ्ग बाहेक अरूलाई दिनुपर्दैन।

### घ. छोरीजुवाइँ र छोराबुहारीप्रतिको भूमिका

ओइतुङ्ग भाइहरूको जिम्मेवारी केटा र केटीको विवाह गरिदिइसकेपछि पनि रहि नै रहेको हुन्छ। छोरीले घर गरि नखाएमा उनीहरूले सम्झाउने बुझाउने गर्दछन्। त्यसैगरी छोरीलाई हेलाहोचो गरेमा जुवाइँलाई ओइतुङ्गहरूले सम्झाउने बुझाउने गर्दछन्। निकै सारो नै भयो भने दुवै तर्फका ओइतुङ्गहरू भेला भएर दुवैलाई सम्झाउनेबुझाउने गर्दछन्। छोरी अरूसँग पोइला (विवाह गरेमा) गएमा केटातर्फका ओइतुङ्गहरू भेला भइ केटीको माइती गाउँमा गएर जारी उठाउछन्। यता

जुवाइँले अर्को विवाह गरेमा केटी पक्षका ओइतुङ्गहरू गाउँ नै उल्टेर जुवाइँलाई ठिक पार्न जाने गर्दछन् ।

**सम्बन्ध विच्छेदमा ओइतुङ्ग**

परापूर्वकालमा किरात राई जातिमा श्रीमान श्रीमतीबीच कुनै कारणले सम्बन्ध विच्छेद (छोडपत्र) गर्नु परेमा सबै ओइतुङ्गहरू भेला भएर दुई जनाको सम्बन्ध बिच्छेद

**पाहुनापाछालाई कसले टार्ने, कसले खाना बनाउने, ककसले बाँड्ने, अचारविचारको कुरादेखि सजावट कसले हेर्ने ? जस्ता सबै कुराको भाग लगाएर काम गरिन्छ ।**

(छोडपत्र) गरिदिने चलन थियो । आजको अदालती सम्बन्ध विच्छेदमा फेरि मिलनको अवसर राखिदिएको हुन्छ तर त्यस समयमा सम्बन्ध विच्छेद (छोडपत्र) भएका केटा र केटीबीच पुनः विवाहको परिकल्पना गरिएको हुँदैन थियो ।

**सम्बन्ध विच्छेद (छोडपत्र) गर्दाको प्रक्रिया**

छोडपत्र गराउन सक्ने व्यक्तिले केटा र केटी दुवै पक्षको ओइतुङ्गहरू भेला गरी सबैको सामु केटा र केटीलाई आमनेसामने राखि सम्बन्ध विच्छेद गरी दिनुपर्दछ । छोडपत्र गराउँदा बोलिने बचनहरू– 'आज हामी फलाना फलाना (केटा र केटीको नाम) को छोडपत्रमा भेला भएका छौं । आज यो आकाश झुट्टो ठहरियो, यो धर्ती झुट्टो ठहरियो, विवाह गराइदिने कलिया, गाउँ समाज सबै झुट्टो ठहरियौं । हामीले धेरै सम्झाउँदाबुझाउँदा




कठुवा र बिनायोलगायत अन्य सामग्रीहरू । तस्विरः वाङ्याल लामा

पनि तिमीहरू एक भएर घर गरी खान नसक्ने भयौ। आजदेखि तिमीहरू पराई बन्दैछौ। आजदेखि तिमीहरू कहिले पनि एक अर्काको हुने छैनौ। आजदेखि तिमीहरूलाई एकअर्काको जुठो बारबन्देज लाग्ने छैन। आजदेखि तिमी दुईको बाटो अलगअलग भयो। लु आजदेखि आआफ्नो गरिखानु।' भनी छुट्ट्याइदिने गर्दछन्। यही नै किरात राई जातिमा परापूर्वकालदेखि चल्दै आएको सम्बन्ध विच्छेदको चलन हो। नोट : केटा पक्षमा लागू हुने माथि उल्लेखित कार्य छोरी दिने घरमा मात्रै नभएर बुहारी भित्र्याउने घरमा पनि यसरी नै कामको विभाजन गरिएको हुन्छ। फलानाको लागि केटी मागियो भनेपछि सबै दाजुभाइलाई बोलाएर यो ठाउँमा केटी मागियो। यसोयसो भयो भाइ हो, अब विवाह गर्नुपर्ने भयो। कसरी गर्ने ? ककसले केके गर्ने ? पाहुनापाछालाई कसले टार्ने, कसले खाना बनाउने, ककसले बाँड्ने, अचारविचारको कुरादेखि सजावट कसले हेर्ने ? जस्ता सबै कुराको भाग लगाएर काम गरिन्छ। ओइतुङ्ग वा वत्तो भाइहरूसँग सल्लाह गरिएन भने तेरो विवाह तैं खा भन्यो भने त सकिएन ? त्यत्रो ठूलो विवाह आफैले मात्र कसरी गर्ने ? त्यसैले विवाहमा ओइतुङ्गको महत्वपूर्णभूमिका र जिम्मेवारी रहेको हुन्छ।

**नयाँ घर बनाउँदा ओइतुङ्ग**

मानव जीवनका आधारभूत आवश्यक्तामध्ये घर पनि एक हो। जीवन व्यतित गर्नका लागि कुनै पनि मानिसलाई घर अनिवार्य शर्त हो। राई जातिमा मा दैवीप्रकोप भएर वा परिवार छुट्टिएर नयाँ घर बनाउनु परेमा पनि ओइतुङ्गको भूमिका रहन गर्दछ। कसैले घर बनाउनु परेमा ओइतुङ्गले मिलेर बनाइदिने चलन हुन्छ। घरको लागि काठ काटिदिने, कसैले आरा तानिदिने, कसैले छानाको लागि खर काटिदिने, खर बोकिदिने, ढुङ्गा फोरिदिने, झ्याल, ढोका बनाउन जान्नेले बनाइदिने, ढुङ्गा, माटोको गारो हालिदिने, सिपालु मान्छेले छाना छाइदिने जस्ता सबै काम गरिदिने चलन हुन्छ। त्यसरी घर बनाउँदा आवश्यक सबै काम गरिदिएर घरमा मानिस बस्न लायक बनाइदिने चलन हुन्छ। त्यसरी सघाएबापत उनीहरूलाई पैसा दिनुपर्दैन। काम गरेको समयमा खाजापानी, खाना दिनुपर्छ। त्यसैगरी पछि फेरि अर्कोलाई पर्दा पनि सबै ओइतुङ्गले सहयोग गर्ने गर्दछन्।

**मराउ (मृत्यु संस्कार) कार्यमा ओइतुङ्ग**

कसैको मृत्यु भएमा त्यस परिवारको सबैजना शोकमा हुन्छन्। त्यस्तो बेलामा ओइतुङ्गको भूमिका निकै महत्वपूर्ण हुन्छ। मृतकको लाशलाई परिवार आफैले व्यवस्थापन गर्न सक्ने अवस्थामा हुँदैनन्। त्यसैले उक्त अवस्थामा आइपर्ने सबै काम ओइतुङ्गले गरिदिनु पर्दछ।

**क) मृत्यु भएको समय**

वत्तो भाइभित्रका कोही मान्छेको मृत्यु भएमा वत्तो भाइहरू मृतकको घरमा भेला हुन्छन्। कसैले बाँस काट्छन्, कसैले मान्द्रो तयार गर्छन्, कसैले बाकस बनाउँछन्, कसैले लाशलाई मान्द्रोमाथि राखेर बाकसमा हाल्छन्। सबै मिलेर लाशलाई बोकी पुर्ने स्थानसम्म लान्छन्। कसैले खाडल खन्छन्। विधि सकेर सबै मलामीले मट्टी दिएर, पुरेर घर फर्कन्छन्। घर फर्कदा मलामीहरूलाई खाजाको व्यवस्था पनि वत्तो भाइहरूले गर्नुपर्दछ। त्यसलाई बाँड्ने काम वत्तो भाइका छोरी मान्छेहरूले गर्दछन्।

**ख) दुइ बाटो**

मृतकको लाशलाई मुख्यतया दुई तरिकाबाट बाटो (सद्गत) लगाइन्छ।

**अ) राम्रो बाटो** : कालगतिले उमेर पुगेर मृत्यु भएको हो भने वत्तो भाइहरूले सल्लाह गरेर कुलपितृको बाटोबाट

आफ्नो जमिनमा दफनाउछन् । नोक्छुङ/नोछुङ (धामी) को माध्यमबाट वा मुन्दुम जान्नेले चुलामा लगाउँछन् ।

**आ) नराम्रो बाटो** : खाउखाउ, लाउलाउ भन्ने उमेरमा भिरबाट लडेर मृत्यु भएमा वा कुनै दुर्घटनामा परी मृत्यु भएकाहरूलाई भने वत्तो भाइहरूको सल्लाहले डढाउने वा गाड्ने गर्छन् । तर उनीहरूलाई चुलामा राखिदैन । बाहिर पाखामा, पहाडमा वा अरू स्थानमा राखिन्छ ।

**ग) जुठो बार्नुपर्ने वा नबार्ने**

वत्तो भाइहरू सबैलाई जुठो लाग्छ । सबैले जुठो बार्नुपर्छ । जुठो बार्दा नुन बार्नुपर्छ, अरू कुरा बार्नुपर्दैन । जुठो तीन दिनसम्म बार्नुपर्छ । दोमासे भएमा एकै दिनमा सक्ने चलन हुन्छ । जुठो बार्ने चलन तल्लो क्षेत्रमा प्रचलनमा रहेको पाइन्छ । माथिल्लो क्षेत्रमा जुठो बार्ने चलन छैन । त्यसै दिन मृतकलाई दफन गरेर फर्किएपछि घरमा सुँगुर, राँगा के छ त्यो काटेर मलामी जानेहरूलाई खुवाउने चलन हुन्छ । पहाडी क्षेत्रमा मलामीहरू धेरै टाढाटाढाबाट आउने हुँदा भोकतिर्खा लाग्ने भएकोले खाजाको रूपमा खुवाउने गरिन्छ । पछि त्यसैलाई किरात राईहरूले परम्परा र संस्कारको रूपमा विकास गरेको पाइन्छ । यो

**घ) बर्खान्त वा चोखिने**

चोखिने दिनमा सल्लाह अनुसार जाँडरक्सी, अन्नपात जोरजाम गरेर ओइतुङ्ग भाइहरूले बर्खान्त (चोखिने वा किरिया) गरिदिनु पर्छ । किनभने घरको मान्छे त दुःखमा बसेका हुन्छन् । कतिपय राईहरूमा किरियापुत्री बस्नुपर्ने चलन छैन । जसले नुनतेल बार्नुपर्दैन, उसलाई चोखिरहन जरूरी पनि हुँदैन ।

**ङ) मर्न सिकाउने**

ओइतुङ्ग समाजले राई जातिलाई मर्न पनि सिकाएको हुन्छ । मर्दा पनि कसरी मर्ने ? काटिएर मर्ने कि, विष खाएर मर्ने कि, झुन्डिएर मर्ने कि, कुनै ढङ्गले सेरिएर मर्ने कि, कालगतिले उमेर पुगेर मर्ने भनेर सिकाउँछ । यदि कोही काटिएर मऱ्यो, विष सेवन गरेर मऱ्यो, झुन्डिएर मऱ्यो, सेरिएर मऱ्यो, भिरबाट हाम्फाली मऱ्यो भने त्यसलाई 'मर्न जानिनस् । मान्छे भएर जन्मिसकेपछि मर्न पनि जान्नुपर्छ । तेरो मरण राम्रो छैन । तँलाई हामी चुलामा खान दिँदैनौं । तँलाई हेला गरेर तल बलेसिमा दिन्छौं' भनेर सिकुवा र आँगनको बीचमा जहाँ पानी झर्छ त्यहाँ दिइन्छ, त्यसलाई चुलामा राखिदैन । चुलामा बोलाइदैन । परिवार, समाजलाई धेरै दुःख दिएमा त्यसको प्रेतआत्मालाई धामीले फेरि मार्ने गर्छन् ।राम्रोसँगले उमेर पुगेर कालगतिले मृत्यु भएकाहरूलाई सम्मानकासाथ चुलामा बोलाइन्छ । चुलामा खान दिइन्छ । त्यसैले जे पायो त्यही गरेर मनपरी ढङ्गले मर्नुहुँदैन । ठिक तरिकाले जीवन व्यतित गरेर कालगतिले मर्नुपर्छ भनेर पनि ओइतुङ्ग समाजले सिकाउने गर्दछ ।

**बसाईसराइ**

आजको समयलाई छाड्ने हो भने पहिले राई जाति बसाइँसराइ नजाने स्थिर जाति हो । उनीहरू आफ्नो

**परिवार, समाजलाई धेरै दुःख दिएमा त्यसको प्रेतआत्मालाई धामीले फेरि मार्ने गर्छन् । राम्रोसँगले उमेर पुगेर कालगतिले मृत्यु भएकाहरूलाई सम्मानकासाथ चुलामा बोलाइन्छ । चुलामा खान दिइन्छ ।**

पुख्र्यौली थातथलोमा नै बसोबास गर्ने गर्दथे। किरात राईहरूको विश्वास के छ भने 'यो भूगोलले, यो माटोले हामीलाई बचाउँछ, यो हाम्रो पुर्खौंदेखिको थातथलो हो, हामीले छाडेर जानुहुँदैन' भन्ने मान्यता थियो। बसाइँ जाने हो भने पनि आफ्नो पुख्र्यौली सम्पत्ति यथावत राखेर जाने चलन थियो।

परापूर्वकालमा कुनै भाइ बसाइँसराइ गरेर अन्यत्र जान खोजेमा वत्तो भाइहरूले रोक्ने गर्दथे। बसाइँ जान दिँदैन थिए। वत्तोहरूसँग बसाइँ सर्ने कुरा गर्दा-'तेरिमा बेइज्जती, तँलाई केमा खाँचो पर्‍यो ? जग्गा छैन ? उ खोरिया फाँडेर बस्। हलगोरू छैन ? लु माइलाले एउटा दिने, जन्तरेले एउटा दिने। हलो छैन ? लु जेठा दाइले दिने। सुँगुर छैन ? अर्को भाइले दिने। घर छैन ? लु सबैले मिलेर बनाई दिने। अब भन्, किन बसाइँ जानु पर्‍यो ? के ले नपुगेर बसाइँ जाने ?' भनेर वत्तो भाइहरूले सबै कुराको व्यवस्था गरिदिएर भएपनि बसाइँ जान दिँदैनथिए।

**नयाँ वंशको निर्माण**

किरात वंशभित्र विभिन्न राईहरू रहेका छन्। एउटै राईभित्र पनि विभिन्न पाछा, सामेका राईहरू छन्। जस्तो बान्तवा, चाम्लिङ, दुमी, साम्पाङ, कोई (कोयु) आदिभित्रै पनि विभिन्न बान्तवा, विभिन्न चाम्लिङ, विभिन्न दुमी, विभिन्न साम्पाङ आदि रहेका छन्। तिनै बान्तवा-बान्तवाबीच पनि विवाह हुन्छ। चाम्लिङ-चाम्लिङबीच पनि विवाह हुन्छ। त्यसरी विवाह हुनका लागि एकै थरीका राईभित्र पाछा, सामे भने फरक हुनुपर्दछ।

मूलतः एकै सामे, एकै पाछा भएकाहरूमा विवाह हुँदैन। गर्नु पनि हुँदैन तर भूलवश मन परापर भएर विवाह भइहालेछ भने खोला अनुसार तीन पुस्ता, पाँच पुस्ता गलेको (मृत्यु) भएको रहेछ भने त्यसलाई ओइतुङ्गले नयाँ पाछा, नयाँ सामे दिएर आफ्नो वंशबाट छुट्याउछन्। त्यसरी छुट्टिएको परिवारले अर्को नयाँ वंशको विकास गर्दछन्। यसकारण राई जातिमा धेरै पाछा, सामे भएको राईहरू भेटिन्छन्।

**डाँडा कटाउने**

एकै वंशका, एकै पाछा, सामे भएका र तीन वा पाँच पुस्ता नगलेका केटा र केटीबीच विवाह भएमा त्यसलाई ओइतुङ्गले डाँडा कटाउने गर्दछन्। नजिकको चेलीमाइतीबीच विवाह भएको अवस्थामा कहींकतैबाट पनि साइनो छिन्न सकिदैन। साइनो छिनाउन र छिन्न नसक्ने गरी ओइतुङ्ग समाजलाई नै नकारात्मक असर पर्ने भएपछि ओइतुङ्गले ती दुईलाई डाँडा कटाउने गर्दछन्।

**ओइतुङ्ग निकाला वा भाइ निकाला**

किरात राई जातिमा आजसम्म पनि आफ्नै खाले परम्परागत कानुन विद्यमान छ। किरात राईहरूमा कुनै कुरा गर्नुपर्दा वा नयाँ प्रथा चलाउनुपर्दा सबै आफन्त, इष्टमित्र, नरनाता, दाजुभाइ, दिदीबहिनी, माइती, मावली आदि भेला हुने चलन छ। त्यसरी हुने भेलाले कुनै कुराको बारेमा निर्णय गर्न, कुनै नयाँ नियम लागुगर्न सक्दछ। समुदायसँग सम्बन्धित कुराहरू कुनै राईले एकलौटी रूपमा लागु गरेर हुँदैन। त्यस कुरामा सबै ओइतुङ्गको सहमति अनिवार्य हुन्छ। अनि मात्र त्यो कुरा समाजमा लागू हुन्छ। अन्यथा एक्लैले एकल निर्णय गरेमा सो राईलाई समाजले निकाला गर्ने, उसलाई गाह्रोसाह्रो पर्दा पनि नसघाउने गर्दछन्। यसरी समाजले पेल्न थालेपछि कि त गाउँसमाज छाडेरै हिँड्नुपर्छ। हैन भने ओइतुङ्गले गरेको निर्णय मान्नुपर्दछ। अन्यथा एक घरे, एक थले हुनुपर्छ।

**वन व्यवस्थापनमा ओइतुङ्ग**

किरात राईहरू बसोबास गर्दाखेरी कुनै खोलाको किनार भएर माथि पहाडदेखि हिमालको फेदसम्म बसोबास

गरे। त्यो मानव समुदाय बस्नको लागि वन जङ्गल चाहियो। वन जङ्गल भएपछि पशुपन्छी बसे। चरन भयो। इन्धनको रूपमा दाउराको प्रयोग गरे। त्यो वन जङ्गलले अक्सिजन, पानी दिने भयो। त्यो पानी खान (पिउन), सिँचाई गर्न प्रयोग गर्ने भए। रूख काट्यो भने पानीको मुहान सुक्ने भयो। त्यसको लागि वनको संरक्षण गर्नुपर्ने भयो। त्यस वनलाई कसरी संरक्षण गर्ने ? भन्ने ओइतुङ्गबीच सल्लाह भयो। त्यही सल्लाह बमोजिम वनको संरक्षण गरिन थालियो।

ओइतुङ्गको नियम नेपाल सरकारको वन ऐन बन्नुभन्दा धेरै वर्ष पहिले बनेको किरात राईहरूको प्रथाजनित कानुन हो। जसको प्रयोग ठाउँठाउँमा बसोबास गरेका राईहरूले आफ्नो जङ्गलको संरक्षणमा गरेको पाइन्छ। उनीहरूले कुन समयमा रूख काट्न हुने, कुन समयमा काट्न नहुने भनी बनाइएका नियमहरूको पालना गर्थे।

जस्तैः चैत, बैशाखतिर रूख काट्न हुँदैन। किनभने त्यस बेला पाउलो आएको हुन्छ। पाउलो आएको बेला रूख कफल्लो हुन्छ। कफल्लो काठमा छिट्टै धुलिया लाग्छ। बलियो हुँदैन। घर वा अन्य कुरा बनाउन काम लाग्दैन। डढेलो लाग्न दिनुहुदैन जस्ता नियमहरू ओइतुङ्गको सल्लाहले बनाउने र लागू गर्ने गर्दथे।

**सिकार प्रणालीमा ओइतुङ्ग**

ओइतुङ्ग समाजले उभौलीमा सिकार खेल्न दिँदैनन्। किनभने त्यस बेला सबै पशुपन्छी गर्भेणी भएका हुन्छन्। पछि उधौलीमा भने फेरि सबै मिलेर सिकार खेल्छन्। किनभने त्यस बेला सबै पशुपन्छीले बच्चा हुर्काइसकेका हुन्छन्। त्यसै गरी भिर मौरीको मह झिक्न, खोलामा माछा मार्न समेत सल्लाह गरेर ओइतुङ्ग सबै मिलेर काडी खाने, मारी खाने गर्दछन्।

**कुलपितृ पूजा (न्वागी, सुँवा, हुइलुङ्ग) माओइतुङ्ग**

किरात राई जातिमा प्रत्येक वर्ष कुलपितृ सम्मान गरिन्छ। कतिपय राईले कुलपितृलाई वर्षमा दुई पटक सम्झने, सम्मान गर्ने र पूजा गर्ने गर्दछन्। यो पूजा किरात राईहरूले अनिवार्य रूपमा गर्नुपर्दछ। कुलपितृ नगर्ने राई, राई हुँदैन, त्यसैले पनि कुलपितृ गनुपर्ने हुन्छ। यो पूजा आफ्नो पगरी धामी वा ओइतुङ्गको सबैभन्दा जेठा सन्तानले वा कुल गर्न जान्ने व्यक्तिले गर्ने गर्दछन्।

नगरे अन्नपात राम्रो नहुने, परिवारमा सुख, शान्ति, सन्चो नहुने, वस्तु, चौपाया राम्रो नहुने वा अनिष्ठ हुने मान्यता रहेको छ। कुलपितृ गर्दा ओइतुङ्ग भाइहरूको सल्लाहले कुन दिन गर्ने भनेर निश्चय गर्ने गर्दछन्। त्यसपछि फलाना दिन गर्ने भनेपछि सन्तानको सबैभन्दा जेठाको घरबाट सुँवा हान्दै माइला, साइला हुँदै कान्छाकोमा आएर समापन गर्दछन्।

**साकेलामा ओइतुङ्ग**

किरात राईहरूले विभिन्न तरिकाले साकेला मनाउने गर्दछन्। गाउँमा साकेला मनाउनका लागि पनि ओइतुङ्गको भूमिका रहेको हुन्छ। धेरै मानिस उपस्थित भएर साकेला मनाउने भएकोले यसमा खर्च र कामको जिम्मेवारी पनि धेरै हुन्छ। त्यस्तो अवस्थामा लागत खर्चको व्यवस्थापनदेखि खाजा, खाना, पानीको व्यवस्थापनको लागि ओइतुङ्गले सल्लाह गरेर भूमेपाथी उठाएर खर्च व्यवस्थापन गर्ने गर्दछन्।

साकेला हुनुपूर्व नै भूमेपाथी कतिकति उठाउने भनेर ओइतुङ्गहरूले सल्लाह गरेका हुन्छन्। त्यै सल्लाह बमोजिमको भूमेपाथी उठाएर खर्च टार्दछन्।

**पगरी धामी**

किरात राईहरू मा आफ्नो पगरी धामी वा नक्छुङ्ग हुन्छ। जुन धामीलाई आफुले बोलाउँदा जहिले पनि आउनुपर्छ। घरमा दुःख बिराम हुँदा, रीतिथिती, विवाह, मरौपरौ सबै कार्यमा आइदिनु पर्छ। यसमा पनि प्रायः दुई किसिमको धामी हुन्छन्। एउटा कुलधामी, अर्को

मरौ कार्यमा चलाइने धामी। उनीहरूलाई एउटा घरले वर्षको चार पाथी, पाँच पाथी, दश पाथी अन्नपात दिनुपर्छ।

अनि धामी बस्दाखेरिको अन्नपात, भेटी, चढाएको जाँडरक्सी सबै उसैको हुन्छ। विवाह कार्य सम्पन्न गर्न आएको बेलामा पनि अन्नपात, मासु, रक्सी लगाईदिनु पर्छ। आजभोलि पैसा दिने चलन आएको छ।

**संस्कार, संस्कृति, परम्परा वा प्रथाजन्य व्यवस्था**

साकेला, मरौपरौ, विवाह कार्यमा वा अन्य संस्कार, संस्कृति, परम्परा वा प्रथाजन्य विविध विषयमा सवालहरू खडा भएमा वा कुनै ठूलै समस्या उत्पन्न भएमा त्यसको समाधानका लागि ओइतुङ्ग भेला गरिन्छ। त्यस विषयमा छलफल गरी प्रचलित मूल्य र मान्यताहरूमा सुधार वा थपघट गर्नु परेमा वा त्यस संस्कार, संस्कृति, परम्परा वा प्रथाजन्य व्यवस्था हटाउनु परेमा हटाएर वा सुधार गरेर त्यस्ता समस्याहरूको समाधान निकाल्न पनि ओइतुङ्गले भूमिका निर्वाह गर्दछ।

**राजनीति**

यो राई समुदायको लागि नयाँ प्रणाली हो। राई समुदायले केही वर्ष अघिसम्म राजनीतिमा खासै चासो राख्दैन थिए। आजभोलि भने केही मात्रामा चासो राखेको पाइन्छ। अझै पनि प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभाहरूमा उठिहाल्दैनन् ।स्थानीय जनप्रतिनिधिहरूमा भने कतिपय बाध्यतावश पनि उठ्ने गरेको पाइन्छ।

यदि कोही प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभाहरूमा उठ्ने भएमा पनि ओइतुङ्ग सल्लाह गर्ने गर्दछन्। प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभाहरूमा आफू नउठ्ने भए चुनावमा उठ्नेमध्ये कसलाई भोट

**धामी बस्दाखेरिको अन्नपात, भेटी, चढाएको जाँडरक्सी सबै उसैको हुन्छ। विवाह कार्य सम्पन्न गर्न आएको बेलामा पनि अन्नपात, मासु, रक्सी लगाईदिनु पर्छ। आजभोलि पैसा दिने चलन आएको छ।**

दिने भनेर ओइतुङ्ग सल्लाह गर्ने गर्दछन्। ओइतुङ्ग सल्लाहले जसलाई मतदान दिने निर्णय गर्छ, सबैले उसैलाई आफ्नो मत दिने चलन रहेको पाइन्छ।

**प्राचीन ओइतुङ्ग र वर्तमान ओइतुङ्ग**

मानव जीवनको विकाससँगसँगै किरात राई जातिमा ओइतुङ्ग समाजको विकास भएको हो। समाजमा जीवनयापनका जटिलताहरूलाई सहज बनाउन ओइतुङ्गको गठन भएको हो।

आजको विकसित समाजमा जनसङ्ख्याको तीव्रतर विकास, राज्य प्रणाली र विश्व मानव समाजको विभिन्न रूप र चरणमा समाजको विकास भएपछि किरात राई जातिभित्र पनि विभिन्न थरगत, पाछागत, भाषागत, स्थानगतका संगठनहरू खुलेका छन्।

किरात राई समाजमा आज किरात राई यायोक्खा, किरात राई बान्तावा खिम, किरात राई चाम्लिङ खाम्बातिम, दुमी किरात राई फन्सिकिम, किरात साम्पाङ राई जुम्लेखा आदिआदि संस्थाहरूको विकास भएको पाइन्छ।

यी र यस्ता संस्थाहरूको विकास हुनुपूर्वको किरात राई जातिको साझा संस्था भनेको ओइतुङ्ग, वत्तो भाइ, वात्तो भाइ, वत्तुङ्ग भाइ, ओइटुङ्ग, ऐइतुङ्ग नै हो।

# डुङ्गाको आविष्कार गर्ने आधुनिक नेपाल निर्माणमा योगदान दिने माझी जाति

## कृतज्ञता



नेपालमा परापूर्वकालदेखि बसोबास गर्दै आएका आदिवासीमध्ये माझी पनि एक हो। नेपाल सरकारद्वारा सुचिकृत ५९ आदिवासी जनजातिमध्ये माझी एक हुन्। आफ्नो मौलिक पेशा, इतिहास, भाषा, धर्म, संस्कार संस्कृति भएको यो जातिको नदिसँग निकट सम्बन्ध रहेको हुन्छ। माछा मार्ने र डुङ्गा चलाउने जस्ता परम्परागत पेशा भएको माझी जातिको प्रमुख बसोबास नेपालको प्रमुख नदिहरू सुनकोशी, तामाकोशी, इन्द्रावतीलगायत सप्तकोशी आसपास सहायक नदी किनारको भूभागमा रहेको पाइन्छ।

२०७८ को जनगणना अनुसार एक लाख एघार हजार तीन सय बाउन्न (१,११,३५२) जनसंख्या रहेको माझी जाति साँस्कृतिक रूपमा धनी भएतापनि यो जातिको संस्कार, संस्कृति र भाषा लोप हुने अवस्थामा छ। परम्परागत पेशा र ज्ञान-सीप पनि लोप भइसकेको अवस्था छ। अहिलेसम्म माझी जातिको बारेमा केही सीमित अध्ययनहरू बाहेक मानव शास्त्रीय अध्ययन हुन सकेको छैन। विगतमा माझी समुदायमा पढेलेखेको व्यक्ति कम हुने वा हुँदै नभएकोले गर्दा पनि माझी जातिको संस्कार, संस्कृति, भाषा, ज्ञान आदि अलिखित अवस्थामा नै छ। यस अवस्थामा नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन साझेदारी कार्यक्रमले सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिका वडा नं. १२ स्थित बोडगाउँलगायत अन्य गाउँहरूको स्थलगत अध्ययनका, सन्दर्भ सामग्रीहरूको खोज र अध्ययन, साथै जानकारहरूसँगको अन्तर्वार्ता आदि गरी माझी जातिको परम्परागत पेशा डुङ्गा चलाउने र डुङ्गाको आविष्कार, घाट (तारघाट) जस्ता विषय र अहिलेको अवस्थाको बारेमा स्थलगत अध्ययन गरी यो लेख प्रकाशन गर्न लागेकोमा नेपाल माझी उत्थान संघको तर्फबाट नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन साझेदारी कार्यक्रमप्रति हार्दिक आभार व्यक्त गर्दछु। यो अध्ययनका लागि पहल गर्नुहुने जलवायु परिवर्तन साझेदारी कार्यक्रम नेपाल आदिवासी जनजाति महासंघका निर्देशक टुङ्ग भद्र राई र यस विषयमा स्थलगत अध्ययन गरी राम्रो दस्तावेज हामी माझ ल्याइदिनु हुने नारायणभक्त राईज्यूमा हार्दिक आभारसहित कृतज्ञता ज्ञापन गर्दछु।

साथै, माझी जातिको विगत र वर्तमानको कथा, अनुभव, संस्कृति र जीवनपद्धतिहरू बताइदिनुहुने माझी जातिका अग्रजहरू, विज्ञहरू, भविष्यको खम्बा हाम्रा युवाहरू र सम्पूर्ण माझी जातिप्रति पनि म कृतज्ञ छु। यो अनुसन्धानात्मक कृति माझी जातिबारे केही हदसम्म भएपनि भरपर्दो दस्तावेज हुनेछ भन्ने विश्वास लिएको छु। एवं तरिकाले, माझी जातिको इतिहास, पहिचान र सांस्कृतिक निरन्तरता र सम्बृद्धिको अभियानमा यस्तै ईंटाहरू थप्दै लैजाने आह्वान र अठोट गरेको छु।

■ **चिनीमाया माझी**

अध्यक्ष

नेपाल माझी उत्थान संघ, केन्द्रीय समिति

■ नारायणभक्त राई, मोरङ

कुनै एक समय नेपाली समाजमा 'माझीसँग मित लगाएमा पछि मर्दा घाट तारिदिन्छ' भन्ने आहान खुब प्रचलित थियो। त्यसै कारण पनि अन्य जात/जातिका मानिसहरू माझी जातिसँग मित लगाउन लालायित हुन्थे। तर अहिले समय परिवर्तन भएको छ। अधिकांश खोलामा पुल बनिएका छन्। त्यो सँगै गाउँगाउँसम्म सडक पुगेका छन्। सडक पुगेपछि जहाँ मरेपनि अब त बाटो हुँदै पुलबाट तरिजाउँला भन्ने मनोभावले हो कि आजकल पहिले जस्तो मानिसहरूले माझीहरूसँग मित लगाउने चलन हराउदै गएको छ।।

मित लगाउनु नलगाउनु एउटा कुरा हो तर अर्को गम्भीर कुरा भनेको नेपाली समाजले बिस्तारै माझी जातिलाई भुल्दै जान थालेका छन्। जतिबेला नेपालका अधिकांश खोला तथा कोशीहरूमा पुल थिएन, त्यस बेला ठूला खोला वा कोशी तर्नका लागि उनीहरूको महत्व अधिक थियो या भनौं माझीविना खोला वारपार गर्न असम्भव प्रायः थियो। पुल बनिनु भन्दा अघिका पुस्ताका मानिस जो खोला वारपार गर्दा कसले माझीको डुङ्गा चढेनन् होला र ? त्यसबेलाका राजादेखि रैतीसम्म सबैसबैलाई माझीले आफ्नो डुङ्गामा चढाएर वारिपारि तारिदिए। आज आएर त्यसबेलाका यातायातका प्रमुख सञ्चालक र चालकहरूलाई आम नेपालीले भुसुक्कै बिर्सेका छन्।

खासमा भन्ने हो भने माझी जाति त्यस बेलाका वैज्ञानिक र इन्जिनियरहरू हुन्। उनीहरूले पानीमा तैरिने वस्तु र त्यसबाट वारपार गर्न सक्ने कुराको परिकल्पना गरे र त्यस परिकल्पनालाई यथार्थमा परिणत गरी डुङ्गाको आविष्कार गरे। निश्चित आकार र संरचनाको डुङ्गा बनाए, जसबाट मानिसहरू खोला वारपार गर्न सक्ने भए। उनीहरू यस अर्थमा वैज्ञानिक हुन् किनकी त्यसबेला पानीको यातायातको साधनको रूपमा डुङ्गाको आविष्कार गर्न सक्ने कार्य आफैमा इन्जिनियरिङ कार्य हो। कुन काठ पानीमा डुब्दैन त्यसको ज्ञान हुनु, डुङ्गालाई खियाउन उपयुक्त बहना बनाउनु, पानीको बहाबसँग ताल मिलाएर डुङ्गालाई खियाउनु र पारि तार्ने प्रक्रिया पुरा गर्नु त्यस बेला सामान्य विषय थिएन। त्यसैले उनीहरू त्यस बेलाका वैज्ञानिक र इन्जिनियरहरू हुन्। त्यसको सैद्धान्तिक अवधारणा भने खोलामा रूखको पात झरेर पानीमा तैरिएको देखेपछि 'जसरी रूखको पात तैरिन्छ, त्यसैगरी पातझैं तैरिने कुरा भए हामी पनि पारि जान सक्ने थियौ। कसरी पानीमाथि तैरिने कुरा बनाउन सकिन्छ ?' भन्ने प्रश्न सृजना भएपछि पानीमा डुङ्गा बनाउने दर्शनको विकास भएको माझी समाजमा विश्वास रहेको पाइन्छ।

नेपालको इतिहासमा सबैभन्दा पुरानो सवारी साधनहरूमध्ये डुङ्गा पनि एक हो। त्यसभन्दा अघि न बसगाडी थिए, न त हवाईजहाज नै थिए। हुनेखानेहरूले घोडालाई यातायातको साधनको रूपमा प्रयोग गर्थे। तर ठूल्ठूला खोलामा घोडा तर्ने कुरा सम्भव थिएन। घोडा चढी आउनेहरूले पनि डुङ्गा कै प्रयोग नगरी सुखै थिएन। मानवनिर्मित र निर्जीव साधनहरूमध्ये संसार कै सबैभन्दा पुरानो साधन अन्तर्गत डुङ्गा पर्दछ। डुङ्गा र बहना बनाउने कला र सीप अनि पानीमा डुङ्गा खियाउने ज्ञान नेपाली समाजमा माझी जातिलाई जति अरू समुदायलाई सायदै आउँछ। यातायातका अन्य साधन र पुल, सडकको विकास तथा निर्माणले माझी आदिवासीको योगदानको महत्व घट्दै गएको भान हुन थालेको पाइन्छ। त्यस कुराले सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिका वडा नं. १२ स्थित बोडगाउँका माझी जातिलाई पनि नछुने कुरै भएन।



माझी जातिको डुङ्गा। तस्विरः नारायणभक्त राई

बोडगाउँका माझीहरूको घाट शिपा घाट हो।

घाट भन्नाले डुङ्गामा राखेर मानिसलाई खोला वारपार गर्न प्रयोग गरिने स्थानलाई जनाउँछ। अन्त्येष्टि गरिने ठाँऊ (मान्छे पोल्ने स्थान) लाई पनि कतिपयले घाट शब्द प्रयोग गर्ने गरेको पाइन्छ। तर यो शब्द (मान्छे पोल्नका लागि प्रयोग गरिने) धेरै पछि मात्र चलनमा आएको १०० वर्षीय आसमान माझी बताउँछन्। उनको समयमा घाट भनेको मान्छे तार्ने डुङ्गाको घाटलाई मात्र जनाउँथ्यो। पछि घाट छेउमा मरेको मान्छे जलाउन थालेपछि मान्छे तार्ने डुङ्गाको घाटलाई तारघाट भन्न थालियो। शिपा घाट इन्द्रावतीकोशी (खोला) प्रणाली अन्तर्गत पर्दछ। जुन घाटको ऐतिहासिक महत्व रहेको पाइन्छ। हजारौँ हजार मानिसहरू र उनीहरूका सामान, चिजबिजहरू शिपा घाटका माझीहरूले त्यस घाटबाट तारे। श्री ५ को सरकार र राजधानीसँग जोड्ने यो छोटो बाटो हो। शिपा घाटको महत्व आजभन्दा ५०, ६० वर्ष अघिसम्म अधिक थियो। त्यो बाटो भएर रामेछाप, सिन्धुपाल्चोक, काठमाडौं, ललितपुर, भक्तपुर र अन्य जिल्लालाई जोड्न छोटो र सजिलो पनि थियो। त्यति मात्र नभएर नेपालबाट तिब्बत, चीनसम्मको अन्तरराष्ट्रिय मार्ग थियो। आज पनि तातोपानी भन्सार चलायमान छ। त्यस बाटो र नाका भएर ब्यापारीहरू भेडा, च्याङ्ग्रा, नुन, कपास, ऊन, माछाको ब्यापार र सौदाबाजी गर्ने मानिसहरू आवातजावत गर्ने गर्दथे। आसमान माझीका अनुसार बल्खुखाले माझी, झेराले माझी, दुराले माझी, आमचौरे माझीहरू बोडगाउँमा छन्। त्यहाँ त्यसभन्दा पहिले र पछि पनि अरू माझीहरू आएर बसेका छन्। सरकारले त्यहाँ बसेका माझीहरूलाई सरकारी सामानहरू डुङ्गाबाट तार्नको लागि उपयोग गरे। किनभने इन्द्रावती खोला तरिसकेपछि

काठमाडौं चाँडै पुगिन्छ। नगरकोटको छोटो बाटोको लागि त्यहाँ घाटको स्थापना गरिएको थियो। घाट सञ्चालनका लागि त्यहाँ २९ घर माझीहरूलाई प्रयोग गरिएको पाइन्छ। त्यसरी घाट चलाउने माझीहरूलाई जग्गा दिइएको थियो। उनीहरूलाई जम्मा २९ बेत जग्गा दिइएको थियो। एक बेतमा १२ रोपनी हुन्छ। त्यसमा १४ घर माझीहरूलाई पल्लो गाउँका माझी र १५ घर माझीलाई वल्लो गाउँका माझीमा विभाजन गरिएको थियो। १४ घर भएका माझीहरूलाई १४ बेत र १५ घर भएका माझीहरूलाई १५ बेत जमिन दिएर राखिएको थिए। त्यस बेला भाग लगाएको बेतको चलन गाउँमा आज पनि कायम रहेको पाइन्छ। गाउँको चण्डी पूजामा प्रसाद भाग लगाउँदा त्यसरी नै भाग लगाउने चलन रहेको पाइन्छ। डुङ्गा खियाउनका लागि एक पालोमा चार जना माझी र चार जना मिझार जान्थे। माझी डुङ्गा चलाउन जान्थे भने मिझार डुङ्गा चलाउनका (घटुवारी) साथै सरकारी सामानहरू र अन्य मानिसहरूको रेखदेख गर्न जान्थे। त्यसपछि फेरि अर्को चार जना डुङ्गा चलाउन जान्थे। त्यसैगरी पालैपालो २ ९ घरका माझीहरूले डुङ्गा चलाउने गर्दथे।

'डुङ्गा पल्टेर कोही मरेमा डुङ्गा चलाउने चार घटुवारी, चार मिझारलाई डुङ्गामै अचना लाएर काट्नु भनेर सरकारको आदेश थियो। त्यो नियमलाई सन्ते मिझार, काले मिझार, धने मिझार, दिलबहादुर मिझार सबैले कायम राखे। शिपा घाटमा कहिले पनि डुङ्गा पल्टिएन। त्यसैले सबै ठाउँमा शिपालु घाटका माझीहरू भनेर ख्याति चल्यो। पछि विस्तारै शिपालु घाट-शिपालु घाट भन्दाभन्दै शिपा घाट हुनपुग्यो।' बोडगाउँका आसमान माझी बताउँछन्। शिपा घाटमा पालैपालो शिपा घाटका माझीहरूले डुङ्गा चलाउथे (खियाउथे)। अब ती दिनहरू इतिहास बने।मझेसभामा मिझार सबैभन्दा ठूलो हुन्थ्यो। मझे सभा माझी जातिको ठूलो भेला वा बैठक हो। त्यही मिझार चाहिँ राज्यको तालुकी हुन्थ्यो। मानौ, अहिलेको पालिकाको अध्यक्ष, प्रमुख जस्तो हुन्थे। उसैले गाउँलाई हेर्ने गर्थे। वि.सं. २००२ सालमा भीमबहादुर माजी (माझी), माजी (माझी) गाउँको तालुकदार भएको प्रमाण राष्ट्रिय अभिलेखालय मापाका नं. ४८६ को फाइल नम्बर १२४ र १४२ मा सुरक्षित रहेको पाइन्छ। (क्यगचअभस ल्बतष्यलर्बा ब्चअजष्खभक० सरकारी कामकाजको सामान तार्दा २०, २५ पैसा दिन्थे। त्यसबेला चाँदीका पैसाहरू हुन्थ्यो। सर्वसाधारण मानिस र उसका भारीहरू तारेबापत १०, १५ पैसा दिन्थे। दिनमा ४, ५ रूपैयाँ चार घटुवारी र चार मिझारलाई भागमा पर्थ्यो। पैसा नहुनेहरूले नुन, पिठो, खोर्सानी, गुन्द्रुक, चिउरा जे बोकेको छ त्यही दिन्थे। सरकारी सामानहरूमा कर उठाएको पैसा, चिठ्ठी, काजगपत्रहरू हुन्थे। त्यसलाई सुरक्षित साथ तारिदिनु पर्थ्यो।



झिल्के बहादुर माझीसँगको अन्तर्वार्ता। तस्विरः नारायणभक्त राई

राजारानी पनि मन बहलाउनका लागि कहिलेकाँही डुङ्गा सयर गर्न आउँथे। अघिका माझीहरूले अघिका राजारानीलाई सयर गराए। आसमान माझीको पालामा उनले राजा महेन्द्रलाई सयर गराए। त्यस बेला राजाले १५, २० रूपैयाँ दिन्थे। उनी दशैंमा टिका लगाउन नारायणहिटी राजदरबार जान्थे। राजा महेन्द्रको हातबाट टिका लगाएको उनीसँग स्मरण छ। 'यहाँबाट नारायणहिटी दरबारसम्मै हिँडेरै जानु पर्थ्यो। त्यस बेला



माझी जातीय पहिरनमा युवाहरू। तस्बिरः वाङग्याल लामा

गाडी थिएन।' माझी सम्झन्छन्।

आसमान डुङ्गा चलाउने शिपा घाटका अन्तिम माझी पुस्ता हुन्। वल्लो छेउमा रहेको घाटमा ठीक सँगले ल्याइपुऱ्याउनको लागि पल्लो छेउको माथि डुङ्गा लानु पर्छ। यहाँबाट बहना खियाउदा ठीक ठाउँमा पुग्छ भनेर अड्कल गरेर डुङ्गा चलाउनु पर्छ। डुङ्गा चलाउनु कला, बौद्धिकता, सिप र क्षमताको आवश्यक्ता पर्दछ। पानीको बहाव, हावाको गति, डुङ्गाको बहन क्षमता, मानिस र भारीको स्थान सही ठाउँमा सही तरिकाबाट मिलाएर ओजन राख्नु पर्दछ। त्यसो हुन सकेन भने डुङ्गा पल्टन सक्ने कुरा मन्डन घाटका गुवा माझी बताउँछन्। 'खोला सरिरहन्छ, कहिले माझमा ठाउँ छोडेर छेउछेउमा हिँड्छ। कहिले बीचमा बगेर छेउमा ठाउँ छाडिदिन्छ। त्यसैले ठाउँ हेरेर घाट बनाउनु पर्छ।' ७८ वर्षीय गुवा माझी बताउँछन्। ती सबै कुरालाई ध्यानमा राखेर वर्षौंवर्ष मन्डन घाटमा उनीहरूले डुङ्गा तारे। बुद्धिमान, थापा, गेडवाल, चन्द्रे, देवीलाल, साने, मंगले, देउराज, रामे, फिस्टे, वीरमान भन्नेहरूले डुङ्गा चलाए। घाटमा थाकेर पनि नथाके झैँ आफूले पाएको जिम्मेवारी इमान्दारिताकासाथ निर्वाह गर्दै उनीहरूले आजको आधुनिक नेपाल निर्माण गर्नमा योगदान पुऱ्याएको पाइन्छ।

त्यसमा आसमानका बाजे नारायणे (नारायण) माझी, बुबा बाजुरे माझी, जेठा दाइ कुसे माझीसम्मले डुङ्गा खियाए। त्यसभन्दा माथिका जिजु पुर्खाहरूले पनि डुङ्गा खियाएको उनी बताउँछन्। सरकारले दिएको जमिनमा खेतीपाती गर्दै डुङ्गा चलाएर सामान्य जीवन बिताईरहेका माझी समाजमा झोलुङ्गे पुल बनिएपछि भने समस्या उत्पन्न हुन थाल्यो। वि. सं. २०३३ सालमा श्री ५ को सरकारले शिपा घाटमा झोलुङ्गे पुल बनाएसँगै सबै जना पुलबाट खोला वारपार गर्न थालेपछि डुङ्गा चल्न छाड्यो। डुङ्गा चल्न छाडेपछि माझीहरूको आयस्रोतको बाटो पनि बन्द भयो। त्यस पश्चात श्री ५ को सरकारले शिपा घाटका माझीहरूलाई जग्गाको धनीपुर्जा दियो। उक्त धनीपुर्जा रैकर उठाउने गरी प्रदान गरियो। रैकर भन्नाले रैतीले वर्षेनी राज्यलाई जमिनको कर तिर्ने गरी उपलब्ध गराइएको जग्गा थियो। आयस्रोतको बाटो बन्द भएपछि जमिनबाट उब्जेको अन्नले आफ्नो र परिवारको जीवन निर्वाह गर्नु पर्ने भयो। केही समय त खोलाको माछा र जमिनको उब्जनीले सामान्य जीवन निर्वाह भयो। तर ज्यामितीय आकारमा वृद्धि हुने जनसङ्ख्याको नियम माझी समाजमा पनि लागु भयो। समयसँगै उनीहरूको पनि जनसङ्ख्या वृद्धि हुँदै गयो। पहिले २९ घर भएको बोडगाउँका माझी समाजमा

हाल ३५० घर भए। जमिन बढ्ने कुरा भएन। माछा पनि खोलामा भल आउँदा जङ्गलबाट ल्याउने विख, लेदो, हिलो, ब्लाष्टिङ, करेन्टले गर्दा कम हुँदै गयो। पुर्खाको जमिन र पेशाले गुजारा चल्न नसक्ने भएपछि आयआर्जनका लागि उनीहरू विदेशिन बाध्य भए। अहिले शिपा घाटका डुङ्गा चलाउने माझीका सन्तान प्रत्येक घरको जसो नै विदेश पुगेको पाइन्छ।

त्यस्तो अवस्था सिर्जना हुनुको प्रमुख कारण सरकारले वर्षौंदेखि परम्परागत पेसामा आश्रित र आधारित माझी जातिलाई अन्य कुनै आयस्रोतको बाटो अवलम्बन नगरी एकैचोटी अर्को वातावरण निर्माण गरिदिनुको दुष्परिणाम थियो। जुन वातावरणमा उनीहरूलाई बाँच्नै मुस्किल हुँदै आयो। त्यसरी एक परिवेश, एक वातावरणमा रहेका मानिसहरूलाई अर्को परिवेश, अर्को वातावरण र अर्को समाजमा विस्थापन गर्न नमिल्ने कुरा हो। हाल आएर यो कुरा अन्तरराष्ट्रिय कानुनी र मानवअधिकारको विषय समेत भएको पाइन्छ। तर त्यस समयमा सोझा माझी जातिलाई अदूरदर्शी श्री ५ को सरकारले जेजे गरे, उनीहरूले चुपचाप सहेर बसे। त्यसको असर आजको पुस्तामा परेको पाइन्छ। त्यसबेला माझी जातिलाई आयस्रोतको वैकल्पिक बाटो श्री ५ को सरकारले व्यवस्था गर्नुपर्ने थियो। विडम्बना, माझी जातिलाई कुटिल श्री ५ को सरकारले आवश्यकता रहेसम्म डुङ्गा चलाउन उपयोग गर्‍यो, आफ्नो काम लियो, उपयोगिता समाप्त भएपछि उनीहरूलाई त्यसै आफ्नै हालमा छाडिदिएको पाइन्छ।

त्यो समस्या शिपा घाटका माझीहरूको मात्र नभएर इन्द्रावतीखोला प्रणालीको मन्डन घाट, झ्याडी घाट,



इन्द्रावती नदी र झ्याडी घाटको झोलुङ्गे पुल। तस्विरः नारायणभक्त राई

एकले घाट, दोलाल (दोलला) घाट सबैको उस्तै छ। इन्द्रावती दोलाल घाटमा पुगेपछि सुनकोशीसँग मिसिन्छ र सुनकोशी बनिन्छ। त्यसपछि सुनकोशीमा रहेका वा बनिएका त्यस बेलाका घाटमा काम गर्ने माझी जातिको समस्या सुनकोशी हुँदै सप्तकोशी यानिकी खुवालुङ्ग पुग्दासम्म उसै गरी रहेको पाइन्छ। अर्थात् सुनकोशीको आप घाट, खरे घाट, पचुहार घाट, लुबु घाट, सेले घाट, सिर्का घाट, डका घाट, जोड्ती घाट, रसुवा घाट हुँदै त्रिवेणी घाटसम्मै राज्यले त्यसै गरी नजरअन्दाज गरेको अवस्थामा पाइन्छ। राज्यको उपेक्षाको बाबजुद माझी जाति आफ्नै पारामा, आफ्नै भाकामा रमाएका छन्।

त्यस बाहेक खुवालुङ्ग क्षेत्रमा उत्तर-पूर्वबाट आउने तमोर नदीका घाटहरू मझेनी घाट, छेम्सा घाट, साफ्टिङ्ग घाट, मूल घाट, याक्चना घाट, सदाम घाट (यहाँ टार छ), भैंसे घाट, हाक्पारा घाट, लुबु घाट, सिम्रा घाट, हेवा घाट, नक्कले घाट, पिलासी घाट, फुङ्गा घाट, छरूवा घाट, काबेली घाटका माझीहरूको पनि हालत उही रहेको पाइन्छ। त्यसैगरी खुवालुङ्ग क्षेत्रमा उत्तरबाट आइपुग्ने अरूणकोशीको घाटमा काम गर्ने माझीहरू पनि उस्तै अवस्थाबाट गुज्रिरहेका छन्। अरूण नदीमा खुवालुङ्ग क्षेत्रबाट उत्तरतर्फ मझेनी घाट, सुनबालुवा घाट, अधेरी घाट, माङमाया घाट, लेगुवा घाट, चानुवा (दम्मर) घाट, क्यावा घाट, पिलुवा घाट, खहरे घाट, कुडुले घाट, सभाया घाट, तेर्के घाट, सती घाट, कातिके घाट रहेका छन्। कातिके घाट अरूणकोशीको अन्तिम घाट हो। दुधकोशीमा खुवालुङ्ग क्षेत्रबाट उत्तरपश्चिमतर्फ जोड्ती घाट, हात्तीटार घाट, भोजे घाट, भालुढुङ्गा घाट, रम्भुवा घाट, धारे घाट (धारे माझीको घाट थियो), घोपाटार घाट (यस घाटबाट अम्बरबहादुर माझीको पुर्खा संखुवासभा आएको हो), ओखलढुङ्गा र खोटाङलाई जोड्ने मूल घाट र पिप्ले घाट रहेका छन्। पिप्ले घाट दुधकोशीको अन्तिम घाट हो। घाटको नाम उही छ, माझीको बस्ती पनि उही छ। मात्र डुङ्गा छैन, मात्र माझी जातिको जीवनयापनको शैली परिवर्तन भएको छ। वर्षौंवर्ष पानी, माछा र डुङ्गासँग खेल्दै जीवन बिताएका माझी जातिलाई राज्य र नेपाली समाजले चटक्कै भुलेका छन्।

डुङ्गा पल्टदा जनधनको क्षति हुन सक्दछ। त्यसैले डुङ्गा चलाउने भन्दैमा जथाभावी चलाउनु हुँदैन। कहिलेकाही डुङ्गा सिधै जमिनतिर गाडिने र अर्कोपट्टिको भाग सिधै आकाशतिर उभिने पनि गर्दछ। त्यस्तो भवितव्य आइनपरोस् भन्नका खातिर उनीहरू कोशीको पूजा गर्ने गर्दछन्। एक पटक डुङ्गा तार्ने एकले घाटका मिझार रामबहादुर माझी थिए। डुङ्गा खोलाको बिचमा पुगेर सिधै खोलामा गाडियो। एक पट्टिको भाग आकाशतिर र अर्को तिरको भाग खोलाभित्र भएर डुङ्गा ठाडै उभियो। डुङ्गामा सवार सबै खोलामा झरे। छ, सात जना सवार सबै पौडिएर किनारमा आइपुगे, धन्न कसैलाई केही पनि भएन। 'हामी माथिबाट सरर आउँदै थियौं। पानी भलल उम्लियो। खै कसरी हो, के भएर हो डुङ्गा त सिधै गाडियो। कति तान्दा पनि निस्किएन। बगाउँछ कि भनेर माथि रूखमा डोरीले बाँधी राखेर हामी सबै घर गयौं, भोलिपल्ट जाँदा माथि निस्किएर तैरिरहेको थियो।' एकले घाटका तत्कालीन मिझार समेत रहेका रामबहादुर माझीले आफ्नो अनुभव सुनाए। त्यस डुङ्गा दुर्घटनामा परेका रामचन्द्र माझीको अनुभव यस्तो छ–'त्यस बेलामा १२, १३ वर्षको थिए होला। म पाँचमा पढ्दै थिए। उता गाउँबाट घर लानको लागि पिठो पनि लिएर आएको थिएँ। एकले घाटबाट डुङ्गा चढेर इन्द्रावती खोला तर्दै गर्दा हामी चढेको डुङ्गा खोलाको बिच्चमा पुगेपछि पुरै गाडियो। कसरी पारि आए मलाई नै थाहा छैन। पिठो चहिँ खोलाले बगाएर लग्यो।' त्यस एकले घाटमा पछिल्लो पुस्तामा राजाराम, प्रकाश, सानाकाजी, नरबहादुर, सुन्दर, दिपेन्द्र,

सुकमान, हर्कबहादुर, दिलबहादुर, सीताराम, बालकृष्ण, खमबहादुर, सुदिप, देवेन्द्र, कृष्णबहादुर, विष्णे, विन्द्रे, मंगले लगायतले डुङ्गा खियाए।

यातायातका अन्य साधनका साथै पुल तथा सडकको विकास नभएको बेलामा नेपाल र नेपालीलाई सेवा प्रदान गरेका माझी आदिवासीको महत्व घट्दै आएको भान हुन थालेको पाइन्छ। त्यति मात्र नभएर हाल विभिन्न विकास निर्माणका कुराहरूले उनीहरूको अस्तित्व नै सङ्कटमा पर्न थालेको पाइन्छ। के यातायातको कुनै वैकल्पिक उपाय नहुँदा उनीहरूले खोला तथा कोशीमा आफ्नो जीउज्यानको बाजी थापेर मानिसहरूलाई तारेको योगदानको कुनै सार्थकता रहेन अब ? उनीहरूले पुस्तौँपुस्तादेखि देश र मानव समाजलाई दिँदै आएको सेवाभावको उपहार उनीहरूको अस्तित्व नै समाप्त पारिदिनु हो ? यी प्रश्नहरू टडकारो रूपमा खडा भएको छ। नेपाललाई यो अवस्थासम्म ल्याइपुऱ्याउन र विकासको आधारभूत जग खडा गर्नमा माझी जातिको विशेष योगदान रहेको जगजाहेर छ। माझी जातिलाई नेपाल र नेपालीले भुले पनि उनीहरूको योगदानलाई चाहेर पनि भुल्न र बिर्सन मिल्दैन र सकिदैन। त्यसैले माझी जातिलाई सम्मानकासाथ सरकारले राज्यका निकाय र अवसरहरूमा सहभागी गराउन ठोस कदमहरू चाल्न आवश्यक रहेको देखिन्छ।

त्यति मात्र हैन हालैका दिनहरूमा माझी जाति सात समुन्द्रपारिको देशमा पुग्न बाध्य भएका छन्। यो कथा लामो छ। यो देशविहीनताको कथा हो। यो सरकारविहीनताको कथा हो। आफ्नै देशमा आइपुगेर पनि आफ्नो देश भन्न नसकेको कथा हो। आजको कथासम्म आइपुग्न इतिहासको लामो पाना पल्टाउनु पर्ने हुन्छ। सन् १७७१ मा भुटानका तत्कालीन देव जिदर (राज्य प्रमुख) सोनाम ल्हेन्दुपले आफ्नो राज्यको सीमा विस्तार गर्न तत्कालीन कूचविहारमा आक्रमण गरी कब्जा जमाए। त्यसपछि कूचविहारका गद्दीच्युत राजाले इस्ट इन्डिया कम्पनीसँग सहयोग माग्यो। कम्पनी सरकारले विविध कुरामा सहयोग गर्ने सर्तमा भुटान विरूद्ध सेना पठायो। त्यस युद्धको क्रममा सोनाम ल्हेन्दुप भुटानको देव जिदरबाट पदच्युत भए। भुटानमा नयाँ देवराजा भए। त्यस विरूद्ध नेपालले पुरानै देवलाई राजा बनाउनका लागि दुई सय जति सेना पठाएको थियो (यो कुरा सुशीला मानन्धरद्वारा लिखित नेपाल-भुटान सम्बन्धः एक ऐतिहासिक विवरणमा उल्लेख छ)। तर भोटले पनि नयाँ राजालाई भुटानको राजा स्वीकार गरेपछि नेपाली सेना फिर्ता भयो। त्यसरी नेपाली सेनालाई भुटानसम्म पुऱ्याउनका लागि दुधकोशी, सुनकोशी, अरूण र तमोर नदीका रेङ्गेली घाट, याक्चना घाट, चुचुङ्खे घाट र माइकुले घाटबाट माझी जातिलाई लगेका थिए। माझीहरूलाई लानुको मुख्य कारण भनेको त्यस बेला पुल थिएन। पुल नभएपछि सेनाहरू टिष्टा जस्तो ठुलो खोलामा तर्न सक्ने कुरा भएन। त्यसैले सेनाहरूलाई डुङ्गाबाट खोला तार्नका लागि आफ्नो पुर्खाहरूलाई लगेको हाल अमेरिकाको पेन्सिलभेनियाको एरीमा बस्ने वीरमान माझी बताउँछन्। उनलाई उनका पुर्खाले सुनाए अनुसार उनी भन्छन् "त्यसरी खोला तार्न हाम्रो पुर्खाहरूलाई ल्याएको अरे। त्यसरी खोला तार्नका लागि टिष्टा खोलामा केही, जलडगा खोलामा केही, टुर्सा खोलामा केही, सुनकोश खोलामा केही, धनश्री खोला, काली खोलामा केही, माउ खोलामा केही, मानस खोलामा केही माझी जातिलाई छाड्दै-छाड्दै भुटान पुगे। आवतजावतको लागि सजिलो हुने भएकाले ती माझीहरूलाई स्थायी बसोबासको रूपमा त्यहीँ राखियो।" वीरमान माझीका अनुसार त्यसरी राखिएका खोला किनारका केही गाउँहरू अझै पनि छन्। ती स्थानहरूको नाम आज पर्यन्त माझीबस्ती, माझीटारहरू भनेर नै सम्बोधन गरिन्छन्।

ती खोलाहरूमध्ये टिष्टा खोलाको किनारमा बर्दाङ गाउँ छ। त्यो हाल सिक्किममा पर्छ। त्यहाँ ३५ घर जति छन्। त्यो गाउँलाई माझीटार भनिन्छ। जलडगा खोलाको सिप्सुमा पहिले ४-५ घर थियो। हाल त्यहाँ कुनै घर छैन। उनीहरू भुटान गएपछि शरणार्थी भए। सिप्सु भुटानमा पर्छ तर भारतसँगको बोर्डर हो। टुर्सा खोला किनारको हात्तिमारा गाउँमा ३ घर अहिले पनि छन्। त्यसै गरी सुनकोश खोलाको किनारमा रहेको कुलकुले भन्ने स्थानमा १०-१५ घर अहिले पनि छन्। यो ठाउँ भारतमा पर्छ। काली खोलाको किनारमा ३०-३५ घर थिए। शरणार्थी समस्या भएपछि १०-१५ घर मात्र छन्। यो भुटानमा पर्छ। धनश्री खोलामा अहिले एकै जना पनि माझी जाति छैनन्। पहिले त्यहाँ ६०-७० घर थियो। माउ खोलाको गेलेखु गाउँमा हाल २-३ घर छन्। यो गाउँ भुटानमा पर्छ।


पछि सन् १९८५-१९९० आसपास भएको एक देश एक जनता नीति, नागरिकता कानुन र जनगणनाका कारण सृजित भएको राजनीतिक आन्दोलनले गर्दा नेपाली मूलका भुटानीहरू शरणार्थी भएर नेपाल प्रवेश गर्नुपऱ्यो। यसको कथा लामो छ। त्यसभित्र यस अध्ययनमा प्रवेश गरिने छैन। तर पुर्खाको आफ्नै देश नेपालमा आइसकेपछि पनि शान्तिको श्वास फेर्न नपाएर पुनः पुनर्वास कार्यक्रम अन्तर्गत विश्वको विभिन्न देशमा जानुपरेको छ। त्यसमा अन्य नेपालीमूलका भुटानीसहित माझी जाति पनि रहेका छन्। अमेरिकामा ६० घर, अस्ट्रेलियामा ३०-४० घर, डेनमार्कमा १ घर, न्यूजिल्याण्डमा २-३ घर, क्यानाडामा ६-७ घर रहेका छन्। त्यसरी अन्य राष्ट्रमा सरेसँगै उनीहरूको जातिगत संस्कार, परम्परा, भाषा सबै हराएर जाने देखिन्छ।

सैनिक इतिहासलाई केलाउने हो भने अन्य नेपालीसहित माझी जातिलाई पनि सैनिक सेवाले धेरै दुःख दिएको पाइन्छ। जसरी भुटान पुगेर त्यतै बसे माझीहरू, उसरी नै बङ्गलादेश पुगेर पनि उतै बसेका माझी जाति भेटिन्छन्। सन् १८७१ मा कर्णेल मेफर्सनको कमाण्डमा ब्रिटिस सरकारले बङ्गलादेशमा कुकी विद्रोहलाई दमन गर्न ब्रिटिस-इन्डिया सेनाको गोर्खा रेजिमेन्टको सेकेन्ड रेजिमेन्टलाई बङ्गलादेश पुऱ्याएको थियो। त्यो रेजिमेन्टसँगै माझी जाति पनि बङ्गलादेश पुगेको थियो। गोर्खा रेजिमेन्टले कुकी विद्रोहलाई दमन गरिसकेपछि पनि फेरि कुकी संगठित भएर विद्रोह गर्ने आशङ्काको कारण गोर्खा रेजिमेन्टलाई बङ्गलादेशमै राखिएको थियो। हाल बङ्गलादेशमा भएका नेपालीहरू त्यही सेकेन्ड गोर्खा रेजिमेन्टका सन्तानहरू हुन्।

ब्रिटिस काउन्सिलमा सेकेन्ड गोर्खा रेजिमेन्टको रेकर्ड हेर्दा एउटा मात्रै माझी नाम भेटिन्छ। त्यो नाम हिटमान माझीको हो। त्यसैले पाँचौं पुस्ताका मनोज बहादुर माझीले उनैलाई आफ्नो पाँचौं पुस्ता अघिको जिजुबाजे मानेका छन्। त्यस क्रमले हेर्दा हिटमान माझीको छोरा श्रीलाल माझी, श्रीलाल माझीको छोरा सुसेलाल माझी, सुसेलाल माझीको छोरा जितबहादुर माझी र जितबहादुर माझीको छोरा मनोजबहादुर माझी हुन्। तर बङ्गलादेशमा उनको पुर्खाको बसोबास माझेर बस्तीमा थियो। त्यो बस्ती खासमा माझी बस्ती थियो। पछि मात्रै माझेर बस्ती भएको हो। उनको बुबा डिपी अर्दली जितबहादुर माझी सोही स्थानमा बसोबास गर्दथे। पछि मनोजले आफ्नो बसोबास रंगमाटीमा सारेका हुन्। हाल बङ्लादेशमा उनैको सन्तान छोराछोरी, नातानातिनी गरी ४३ जना रहेका छन्। बङ्गलादेशमा उनीहरू जात वा थरको स्थानमा गोर्खा लेख्ने गर्दछन्।

मनोजबहादुर गोर्खाले मात्र हैन, त्यहाँ बसोबास गर्ने सबै नेपालीले जातको स्थानमा गोर्खा नै लेख्ने गर्दछन्। त्यसले नेपाली समाजमा एकताको भावना

विकास गर्ने उनको तर्क छ। मनोजलाई नेपालमा आफ्नो पुर्खाको थातथलोबारे कुनै जानकारी छैन। पुर्खा नेपालको कुन स्थानबाट गएका हुन् भन्नेसम्म पनि थाहा छैन। तथापि उनलाई नेपालको धेरै माया लाग्छ। समय-समयमा नेपाल घुम्न आउने गर्दछन्। त्यसै बेलादेखि नेपाल माझी उत्थान संघसँग सम्पर्कमा छन्। त्यसै संघको कारण सेवाढोग (माझी भाषामा नमस्कार) भन्नसम्म आउने उनी बताउँछन्।



राष्ट्रिय अभिलेखालय। तस्विरः नारायणभक्त राई

हाल भारतमा पर्ने सिक्किम, दार्जिलिङ कुनै समय नेपालको अधीनस्थ थियो। त्यस क्षेत्रमा अझै पनि धेरै नेपालीभाषीहरू रहेका छन्। त्यसैभित्र माझी जाति पनि रहेका छन्। मुख्यतया माझी जातिको बसोबास खोला प्रणाली अन्तर्गत हुने गर्दछ। दार्जीलिङ अन्तर्गत च्याङ्गा, रक्ती झोय र बालासनखोला प्रणाली रहेको छ। त्यसै खोलामा माछा मार्ने पानीको प्रयोग गरेर सिँचाइ गर्ने, खेती गर्ने गर्दछन्। त्यस खोलाको आसपास विभिन्न गाउँहरू रहेका छन्। ती गाउँहरूमा माझी जाति बसोबास गर्ने गर्दछन्। हात्तीधिसा ग्रामपञ्चायतको नन्दलाल गाउँमा ३६ घर माझी रहेका छन्। मेचीताराबारी गाँउमा ४० घर, मल्लबारी शाखामा १६ घर, वालासन ताराबारीमा १६ घर, खपरेल तरन्जुबारी गाँउमा ८-९ घर रहेका छन्। त्यसै गरी तीनधारे गाउँमा ८ घर रहेका छन्। कार्सेङ्गमा १२ घर, मगरजुङ्गमा १६ घर, लुहागढमा ७ घर गरी दार्जिलिङ जिल्लाभरि यत्ति

माझी गाउँ र घर रहेको ६७ वर्षीय इन्द्रबहादुर माझी बताउँछन्। उनको पुर्खा नेपालको १ नं. रामेछापको फुच्चे घाटबाट दार्जिलिङ पुगेको बताउँछन्। ती क्षेत्रबाहेक जलपाइगुढी, आलिपुर जिल्ला, ढुवस जिल्लामा पनि माझी जातिको बसोबास रहेको छ। ती सबै एकै जिल्लामा हुँदा सबैले एकै स्थानमा लदी पूजा गर्ने गर्दथे। त्यो धेरै ठुलो क्षेत्र थियो। आसामको बोर्डरसम्मको क्षेत्र थियो।

पछि जिल्ला विभाजन गरेपछि टिष्टा खोला पूर्व ढुवसले गर्छन् भने टिष्टा खोला पश्चिम दार्जिलिङले गर्दछन्। यसरी छुट्ट्याउनुको कारण क्षेत्र धेरै ठुलो भएकाले सम्हाल्न गारो भएकाले विभाजन गरिएको हो। हाल चार वर्ष भयो फरक-फरक पूजा गर्न थालेको। माझी जातिको उत्थानको लागि त्यहाँ गोर्खा माझी कल्याण संघ रहेको छ। त्यहाँ लदी पूजा गर्न सन् २०१४ बाट सुरू गरिएको हो।

सिक्किममा पनि माझी जातिको बसोबास रहेको छ। टिष्टा र रंगित त्यहाँको मुख्य खोला प्रणाली हो। यी दुबै खोला हिमाली मूलबाट आएको खोला हो। त्यसै खोलाको आसपास माझी बस्तीहरू रहेका छन्।

सिक्किममा माझीहरूको बसोबास जोरथाङमा माथिल्लो र तल्लो माझी गाउँ रहेको छ। पूर्व सिक्किमपट्टि रम्फु माझीटार, माइनिङ्ग माझीटार, माम्रीङ्ग माझीटार, नन्दु गाउँ, आमबोटे, बोर्धाङ्ग माझीटार, झोलङ्ग माझीटारहरूमा माझी जातिको बसोबास रहेको छ। ती सबै टारका खेतहरू माझेनीहरूले विरा वा सम्याएको खेतहरू हुन्। रम्फु अन्तर्गत टिष्टाको वारिपारिमा ३० घर रहेका छन्। जोरथाङ माथि तल गरेर २० घर जति रहेका छन्।

टिष्टा र रंगित ठूला खोला भएकाले पुल बन्नुभन्दा अघिसम्म डुङ्गा चलाउने गर्दथे। टिष्टा र रंगितको दोभानभन्दा केही माथि चम्पा भन्ने स्थानमा स्टील ब्रिज (पुल) बनाउनको लागि सामान ओसारपसार गर्नका लागि मरिचे माझी र समशेर माझीले डुङ्गाबाट सामान तारेका थिए। त्यो नै त्यस घाटको अन्तिम डुङ्गा खियाइ भयो। पुल बनिएपछि डुङ्गाको प्रयोग अन्त्य भयो।

त्यसरी घाट उठेपछि उनीहरू खेतीपातीतिर लागेको ७९ वर्षीय इश्वरी प्रसाद माझी बताउँछन्। रम्फु माझीटार, माइनिङ्ग माझीटार, माम्रीङ्ग माझीटार, बोर्धाङ्ग माझीटार, झोलङ्ग माझीटारहरू पहिले सबै घाटहरू नै थिए। पछि घाटको प्रयोग समाप्त भएपछि टार भनेर सम्बोधन गर्न थालिएको हो।

त्यसबेला खोला तार्दा चाराना र आठाना यस्तै दिने चलन थियो। त्यस कुरालाई घटुवारी मरिचे माझीको छोरा ईश्वरी प्रसाद माझीले यसरी सम्झन्छन् ‘‘त्यस बेला बाबाले चारआनी र आठआनीको हारी बनाउनुभएको थियो। त्यो हिसाबले गर्दाखेरि त्यस बेला चार आना आठ आना दिन्थ्यो। त्यो भारतीय पैसाको हुन्थ्यो।’’

यसरी हेर्दा माझी जातिको योगदान बहुआयामिक छ। माझी जातिको इतिहासलाई पल्टाएर हेर्दा विशेष गरी राज्यलाई सहयोग गर्ने मामलामा माझीहरू अग्रपङ्क्तिमा रहेको देखिन्छ।

सामरिक यातातायात, सरकारी कागजपत्र, सरकारी सामग्री, सरकारी मान्छे तार्नेदेखि आममानिसहरूलाई तार्ने काममा माझी जातिको योगदान अतुलनीय रहेको पाइन्छ। भलै राज्यले राज्यको काममा बिरानो देशमा पठाएर उतै राखेर त्यो देशले शरणार्थी बनाएर पठाउँदा आफ्नो देशले आफ्नो नागरिक नठानेको किन नहोस् उनीहरूले देश र विश्व निर्माणमा दिएको योगदान अतुलनीय छ। राज्यले गरेको अपमानको, प्रयोगको कुनै सीमा छैन।

# साइनो अभियानले जोगाउँदै
# थारू जातिको पहिरन

■ एकराज चौधरी, बर्दिया

बर्दिया लक्ष्मणपुरकी रमकल्या थारू (७६) ले १२ वर्षको उमेरमा पहिलोपटक चोल्या लगाउनुभयो। थारू समुदायमा छोरीहरू किशोरावस्थामा प्रवेश गर्न थालेपछि पहिरन बदल्ने संस्कार गरिन्छ। जसलाई चोल्या घलैना भनिन्छ। माथिल्लो भागमा लगाइएको सलुखा, कुर्ताको सट्टामा चोल्या फेरिन्थ्यो भने तल्लो भागमा लगाइने लहँगा भने सानैदेखि लगाउने चलन छ। 'चोल्या घालेको पहिलो दिन म लाजले रोएकी थिए', रमकल्याले आफ्नो बाल्यकाल सम्झिनुभयो। 'पहिलो वर्ष चोल्या घाले (लगाएँ), दोस्रो वर्ष अघरान (छातीसँगै टाउने ढाक्न मिल्ने कपडा) ओढाइदिए, तेस्रो वर्ष त बिहे नै गरिदिए नी!' रमकल्याले आफ्नो बिगत उधिन्नुभयो। चोल्या किशोरावस्थादेखि बच्चा नजन्मेसम्मका महिलाहरूले लगाउँछन्। तर बच्चा जन्मेपछि भने चोल्या लगाउनु लाज हुने बताउनुहुन्छ रमकल्या। कुनै पाप, दोष लाग्ने विश्वास छ कि ? किन लगाउँदैनन् त आमाहरूले चोल्या ? भन्ने प्रश्नमा रमकल्या भन्नुहुन्छ– 'पाप, दोषबारे त थाहा छैन तर



लहँगा बुन्दै थारू आदिवासी महिला। तस्बिरः वाङ्याल लामा



तयारी अवस्थामा लहँगा चोल्या । तस्बिरः वाङ्ग्याल लामा

चोल्या लगाएपछि बच्चालाई दुध खुवाउन मिल्दैन । किनभने चोल्याको तुना पछाडितिर बाँधेको हुन्छ । गाउँलेहरूले पनि बच्चा जन्माएर पनि चोल्या लगाइछे भनेर कुरा काटछन् ।' त्यसैले आफ्नो पालामा कुनै पनि आमाले चोल्या नलगाएको रमकल्याको अनुभव छ । 'यो वर्ष परिवारमा ककसलाई चोल्या दिने भन्ने कुरा माघको १ गते बस्ने घरको बखेरी (पारिवारिक सभा) बाट निर्णय हुन्थ्यो ।

महिलाहरूले आफ्नो छोरीको लाज हुने बेला भैसक्यो । यो वर्ष मेरी छोरीलाई चोल्या जरावर (परिवारका लागि घरको किसानले ल्याउने नयाँ कपडा) दिनुपर्छ भनेर बखेरीमा प्रस्ताव गर्छिन् । पारिवारिक निर्णयअनुसार किसानले जरावर ल्याउँछन् । आमा, हजुरआमाले चोल्या र लहँगा सिउँथे । दसैंको ढिक्रहवाको दिन (देउतालाइ ढिक्री चढाउने दिन) छोरीलाई चोल्या फेराइन्थ्यो । अहिले भने पहिरन बदल्ने संस्कार हराइसकेको छ । म जान्ने भएदेखि लहँगा लगाउन थालेको हुँ । अब नमर्दासम्म यही लगाउँछु ।' लक्ष्मणपुरकी रमकल्याले आफ्नो प्रतिबद्धता सुनाउनुभयो । पुराना पुस्ताले आफ्नो पुरानै पहिरन मन पराउँछन् । तर नयाँ पुस्ताका लागि भने पहिरन रोज्ने धेरै विकल्पहरू छन् बजारमा । थारू महिलाहरूले पनि लुँगी, कुर्तासुरूवाल, साडी, म्याक्सी लगाउन थालेका छन् । एक समय त यस्तो आएको थियो कि थारू पहिरन लगाउने मानिस नै नभेटिने अवस्थासम्म पुगेको थियो थारू समुदायमा ।

आफ्नो अनुभव सुनाउनुहुन्छ बर्दिया लक्ष्मणपुरका फग्गुव थारू । लहँगा लगाएर पकाएको खाना अछुत हुन्छ भन्ने भ्रम पनि छ थारू जातिका साधुहरूमा । साधुहरूको संख्या बढेसँगै लहँगा लगाउने महिलाहरूको संख्या पनि घटेको बताउनुहुन्छ शिक्षक फग्गुव थारू । केही

वर्षदेखि भने युवाहरूमा आफ्नो भाषा, संस्कृति र पहीरनप्रति मोह जागेको देखिन्छ। विभिन्न चाडपर्व, मेला, जात्रा र उत्सवहरूमा आफ्नै पोसाकमा सजिने युवायुवतीहरूको संख्या बढदै गएको छ। यस्तो हुनुको कारण के हो त ? लेखक तथा विश्लेषक शेखर दहित यसलाई नयाँ संविधानले ल्याएको परिवर्तनको एउटा झिल्को बताउनु हुन्छ।

नयाँ संविधानले विभिन्न जातजातिहरूको पहिचान सुरक्षित गरेको छ। जातजातिहरूको चाडपर्वमा विदा दिनु, मेला, महो त्सब मनाउनु, संस्कृति संरक्षणको कार्यक्रमका लागि बजेट आउनु थोरै भएपनि सकारात्मक पक्ष हो। यसैको प्रभाव थारू युवाहरूमा पनि परेको दहितको ठम्याइ छ।

युवाहरूको माग सम्बोधन गर्दै साइनो परियोजनाले बर्दियामा लहँगाचोल्या तालिमको सञ्चालन गरेपछि लहँगा, चोल्याको व्यवसाय बढेको छ।

## तालिमले बढायो लहँगाको व्यापार

नेपाल आदिवासी जनजाति महासंघको साइनो परियोजनाले बर्दियाको बाँसगढीमा लहँगाचोल्याको एक महिने तालिम सञ्चालन गरेपछि लहँगाचोल्याको व्यापार बढेको छ। तालिम सकिएको २ महिनाको अवधिमा तालिमका सहभागीहरूले करिब ८० लहँगाचोल्या सेट बिक्री गरेका छन्। ८ हजार रूपैयाँका दरले बिक्री हुने लहँगा सेटबाट ६ लाखभन्दा बढीको कारोबार भएको छ। यो अनुपात आगामी दिनमा निश्चित रूपमा बढ्ने छ। यो कार्यबाट तालिमका सहभागीहरू निक्कै उत्साहित भएका छन्। उनीहरूले सिलाइसम्बन्धी आफ्नो सीप, अनुभव र व्यवसायलाई कसरी अगाडि बढाउने भन्ने बिषयमा मासिक रूपमा बैठक बसी छलफल पनि गरिरहेका छन्।

लहँगालाई सुन्दर बनाउन कटौटीको विशेष भूमिका हुन्छ। किनभने कटौटीले नै लहँगाको थारू पहिचान झल्काउँछ। तर लहँगा सिलाउनेहरूले समयमा कटौटी नपाएका कारण ग्राहकहरू फर्किरहेको बताउँछन्। पाइए पनि आफूले भनेको जस्तो बुट्टा नपाइने, सामान महँगो पर्न जाने भएकोले आएका ग्राहक फर्काउनु परेको उनीहरूको गुनासो छ।

तालिमका सहभागी, बाँसगढी बजारमा बुटिक सञ्चालन गरिरहेकी कीमनसा चौधरीले कटौटी नभएका कारण गएको दसैंमा आफ्ना १०/१२ जना ग्राहक फर्किएको बताउनुभयो। किनभने नेपालमा लहँगाको कटौटी बनाउने मेसिनहरू सीमित मात्रामा छन्।

बजारमा कटौटी नपाइने र काठमाडौं वा टीकापुरबाट मगाउनु पर्ने भएकोले आफुहरूलाई महँगो पर्न गएको प्रशिक्षक सुशीला चौधरी बताउनुहुन्छ। अर्को कुरा कटौटीको थारू डिजाइन बनाउने कारिगरहरूको पनि कमी छ। अहिले पाइने कटौटीको डिजाइनमा थारूपन दिन सक्ने हो भने थारू लहँगाको पहिचान अझ बढ्ने छ। थारू जातिको अस्टिम्कि चित्र, घरको भित्तामा बनाउने माटो चित्र, मोख कलाजस्ता कलाहरूलाई लहँगाको कटौटीमा उतार्न सकियो भने यसको यसले अझै व्यापकता पाउनेछ।

**नयाँ संविधानले विभिन्न जातजातिहरूको पहिचान सुरक्षित गरेको छ। जातजातिहरूको चाडपर्वमा विदा दिनु, मेला, महोत्सब मनाउनु, संस्कृति संरक्षणको कार्यक्रमका लागि बजेट आउनु थोरै भएपनि सकारात्मक पक्ष हो। यसैको प्रभाव थारू युवाहरूमा पनि परेको दहितको ठम्याइ छ।**



जातीय भेषभूषासहित सामूहिक तस्बिर । तस्विरः वाङ्ग्याल लामा

थारू लहँगाको बजारीकरण गर्नका लागि यसको ब्राण्ड बनाउन जरूरी छ । अहिलेसम्म थारू लहँगाको डिजाइन कुनकुन हुन् भन्ने यकिन नै छैन । त्यसका लागि थारू क्षेत्रअनुसारका लहँगा डेउखरीया, रझेटीहा, भौरैह्या, मल्होरीयावा राना लहँगाको फरक फरक डिजाइन दिन सकिने संस्कृतिविद अशोक चौधरीको सुझाव छ । सहभागीहरूले तालिमका क्रममा नयाँ डिजाइनका लहँम्गा र चोल्या तयार गरेका थिए ।

त्यसैगरी बिहेमा लगाउने दुलही र दुल्हाका पोसाकहरू पनि तयार गरे । तर ती सामग्रीहरूको नामाकरण भने गर्न सकेनन् । यदि ती सामग्रीहरूको ब्राण्ड बनाइयो भने त्यसको प्रचारप्रसार गर्न सहज हुने थियो । कपडाको डिजाइन बजारमा निक्कै ठलो प्रतिस्पर्धा छ ।

ग्राहकहरूले तिर्नसक्ने मूल्यमा उनीहरूले खोजेजस्तो डिजाइन दिन सकेमा मात्रै पहिरन व्यवसाय फस्टाउन सक्छ । डिजाइन र मूल्यको समायोजन गर्न सकिएन भने ग्राहक बिच्किन सक्छन् । त्यसैले मूल्य र डिजाइनका विषयमा अझ धेरै गृहकार्य गर्न जरूरी छ ।

जातीय पहिचानका लागि जातिहरूको पहिरन जोगाउन एकदमै जरूरी छ । त्यसका लागि पहिरनलाई परिस्कृत गर्नुका साथै त्यसको व्यापक रूपमा प्रचार गर्न जरूरी छ ।

अहिलेको डिजिटल प्रविधिको जमानालाई मध्यनजर गर्दै अनलाइन प्रचारप्रसार गर्ने र अनलाइन व्यापारलाई बढाउन सक्ने हो भने त्यसले जातीय पहिरन जोगाउनुका साथै व्यवसाय गरेर आर्थिक लाभ पनि लिन सकिने छ । त्यसका लागि पहिचान जोगाउँदै नयाँनयाँ डिजाइन, प्रविधिको प्रयोग, मूल्य समायोजन र प्रचारप्रसारको नितान्त आवश्यकता छ ।

# कुलुङ राई जाति र अल्लो

■ **नारायणभक्त राई,** मोरङ



लुख्पा बुन्दै। तस्विरः नारायणभक्त राई

## विषय प्रवेश

शरीरमा कहिले पनि चिलाउने खटिरा वा जाबे आउन नदिने, स्वास्थ्यका लागि उपयुक्त, प्रकृतिमा घुलनशील, बर्षौंबर्ष खप्ने, मानिसले लगाए चटक्क पनि देखिने, यत्ति बहु-उपयोगी कुराको बारेमा बताइसकेपछि जोकोहीलाई पक्कै लाग्नु सक्दछ कि यो चिज के हो भनेर। यो हो, प्राकृतिक वनस्पति अल्लोबाट बनेको फेङ्गा, लुख्पा। यो कसरी बन्छ त ? यसको उत्तर त्यति सजिलो छैन। यसलाई प्रक्रियागत र विस्तृत रूपमा तल उल्लेख गरेअनुसार बुझ्नुपर्ने हुन्छ।

## तान थाप्ने, बुन्ने प्रक्रिया र दख्खु/लुख्पा (कपडा) तयारी

दख्खु (कपडा) बुन्न सुरू गर्नुभन्दा पहिले तान थाप्नुपर्दछ। यस आलेखमा प्रयोग गरिएको भाषा कुलुङ राई भाषा हो-कुलुङ नेपालका राई आदिवासी भित्रका एक थर हुन्। भाषा र शब्दहरूको अर्थ तल क्रमिक रूपमा आउनेछन्। तान थाप्नुअघि कति मिटरको दख्खु बुन्ने हो सोही अनुसारको दोक्थोवा (किल्ला) जमिनमा गाड्नुपर्दछ। छोटो तीन हातको बुन्नुपर्दा पाँच स्थानमा र पाँच हातको लामो बुन्न सात स्थानमा किल्ला

गाड्नुपर्दछ। त्यो किल्ला करिब एक फिटको हुनुपर्दछ। पछि तान थाप्दा ती किल्लाहरूमा ङेइङेइरी, लेम्छार, लोलोमा, देसदिम, काम्बिरमामा राखिन्छ। त्यसरी गाडिएको किल्लामा अल्लोबाट बनिएको धागो पहिले देसदिम राखिने किल्लामा बाँधेर सुर मिलाएर तन्काउदै तन्काउदै एकपछि अर्को गर्दै लहर मिलाएर घुमाउँदै राख्दै लग्नुपर्दछ। त्यसरी धागोको पोयो घुमाउँदा तीन थरीको धागो घुमाउने चलन हुन्छ, जसमा सेतो, कालो र रातो धागो हुन्छन्। यी मध्ये सेतो सबैभन्दा ज्यादा प्रयोगमा आउछ। फेङ्गा बुन्नको लागि धागो घुमाउँदा मान्छे अनुसारको धागो घुमाइन्छ। सानो मान्छेको लागि सानै र ठूलोको लागि ठूलै बनाउनुपर्दछ। तर सामान्यतयाः फेङ्गाको लम्बाई चार हात र चौडाई तीन हातको हुने गरी घुमाउनुपर्दछ। पछि बुन्दा पनि सोही अनुसार बुन्नुपर्दछ। त्यसैगरी लुख्पा बुन्न तीन हात लम्बाई र एक हात, एक बित्ता चौडाई हुने गरी धागो घुमाउनुपर्दछ।

त्यसरी घुमाएर तयार पारिसकेपछि सबैभन्दा माथिको भागको किल्लामा लोलोमा राखिन्छ। लोलोमा धागोसहित तानलाई सबैभन्दा माथिल्लो भागमा झुन्डाउने तीन हात जतिको काठबाट बनेको हुन्छ। लोलोमालाई चिल्लो हुने गरी ताछेर बाँस जस्तो डोलो पारिएको हुन्छ र त्यसको छेउछेउमा तान झुन्डाउन बाँधेको डोरी नफुत्कियोस् भनेर बिट बनाइएको हुन्छ। त्यसपछि लेम्छार राखिन्छ। लेम्छार भनेको दुई ओटा बाँसको सानोसानो हाँगाले बनाएको, धागोलाई स्थायी रूपमा एकले माथि र अर्कोले तल छुट्ट्याउने गरी बनाइएको हुन्छ। ती दुईलाई नफुत्कियोस् भनेर एकआपसमा



अल्लोको धागो तान्दै। तस्विरः नारायणभक्त राई

बाँधिएको पनि हुन्छ। त्यो फुस्कियो भने सबै धागो गन्जागोल हुन पुग्दछ। लेम्छारपछि डेइडेइरी राखिन्छ। डेइडेइरी भनेको तान बुन्दा धागोलाई माथि, तल सार्ने साँचो हो। यसले नै तानबाट कपडा बनाउनलाई मुख्य भूमिका खेल्दछ। त्यसपछि देसदिम राखिन्छ। देसदिम भनेको दख्खु बुन्न सुरू गर्ने आधार बिन्दु हो। यसले बुनाइलाई बिग्रन दिँदैन र बुन्दै जाँदा दख्खु तयार भएर बुनाइको अन्त्य हुने स्थान पनि यहीँ हो। जुन बाँसको हाँगाबाट बनाइएको हुन्छ। दख्खु भनेको कपडा हो। त्यसपछि अन्तिममा काम्बिरमा राखिन्छ। काम्बिरमा तानको सबैभन्दा तल्लो भाग हो भने लोलोमा सबैभन्दा माथिल्लो भाग हो। यसले तानलाई सीधा तन्काउने, बुनेको दख्खुलाई सार्दै बुन्न सजिलो बनाउनेगर्दछ। यो बाँसलाई बिचमा चिरेर बनाएको हुन्छ। यसको काम धेरै हुन्छ। पहिलो त यसले तानलाई सिधा बनाउँछ। दोस्रो, बुनिसकेको कपडालाई सार्दै नयाँ बुन्ने स्थानको लागि ठाउँ बनाउँछ। तेस्रो, यसैमा पुनाम्री पनि बाँधिन्छ। पुनाम्री भनेको तान बुन्ने र तानलाई एकआपसमा बाँध्ने डोरी हो। यो काम्बिरमाको दुईपट्टि बाँधेर तान बुन्नेको शरीर छिराउने गरी बनाएको हुन्छ। पुनाम्रीले तान बुन्ने मानिस मार्फत तानलाई टिनिक्क तन्काउँछ, तान बुन्ने मानिसको कम्बरभन्दा केही तल बाँधिने गरिन्छ। यसलाई बाँधिने भन्दा पनि अडाउने भन्नु बढी सान्दर्भिक हुन्छ। जुन डोरी बिना तान बुन्नै सकिदैन। त्यसपछि तान तयार बनाउन प्रयोग गरिएको किल्ला हटाइन्छ। त्यसरी तयार भएको तानलाई काठ वा बाँसबाट बनिएको तीन/चार फिट अग्लो बलोमा रेल्डोपार (डोरी) मा झुन्डाएर बाँधिन्छ। अब दख्खु बुन्नको लागि तान तयार भयो।

त्यसपछि तान बुन्नेले आफ्नो बस्ने स्थान तयार गर्नुपर्दछ। त्यसका लागि दुई ओटा किल्ला गाडेर एउटा काठ वा बाँसको दुई फिट लामो लाथाखम राखिन्छ। लाथाखम भनेको तान बुन्ने मान्छेले तान बुन्न सजिलो हुने गरी आफ्नो खुट्टालाई तान बुन्दा बल मिल्ने गरी ठिक्क ठाउँमा राख्ने काठ वा बाँसको बिट हो। लाथाखमले तान बुन्दा बल गरेर यप्सी (एक मिटर भन्दा अलिक लामो काठलाई ताछेर चारैतिर धार भएको तर बिचको भागमा नताछिएको भुक्क उठेको, जसको धारले धागोलाई खाँद्न मिल्ने गरी बनाइएको सामग्री) तान्दा तान बुन्ने मानिस नसुल्कियोस् भनेर राखिएको हुन्छ। लाथाखमले तान बुन्नेलाई ओट दिन्छ। त्यसो गर्नुको पछाडि वैज्ञानिक कारण छ, तान बुन्नको लागि तीन स्थान महत्वपूर्ण हुन्छन्। पहिलो भनेको माथिल्लो भाग जसमा तान झुन्डाइएको हुन्छ। दोस्रो त्यो झुन्डाइएको तानलाई सिधा बनाउन मानिसको शरीरले पुनाम्री मार्फत तानेको हुन्छ र तेस्रो भाग तानलाई तान्ने मानिसलाई पनि खुट्टाको आडमा बल दिनको लागि बनाएको लाथाखम महत्वपूर्ण हुन्छ। यस कार्यमा न्युटनको तेस्रो नियम अर्थात प्रत्येक क्रियाको बराबर तर विपरीत दिशामा प्रतिक्रिया हुन्छ भन्ने नियम लागु हुन्छ। भन्नुको अर्थ जति बलले यप्सी तानिन्छ त्यति नै बलले मानिस तानेको दिशाभन्दा त्यसको ठिक विपरित दिशातर्फ धकेलिन्छन्। यप्सी पछिल्तिर तानिन्छ तर मानिस अघिल्तिर सर्ने गर्छन्। त्यसलाई रोक्नको लागि लाथाखम राखिएको हुन्छ। अझ यसलाई प्रष्ट बनाउन एउटा उदाहरणलाई हेरौँ– बन्दुक हान्दा गोली अघि जान्छ तर बन्दुक पछि धकेलिन्छ। गोली गएको दिशाभन्दा ठिक विपरित त्यति नै बलले बन्दुकलाई पछाडि धकेलेको हुन्छ। ठिक उसै गरी जति बल गरेर तानको यप्सी आफूतिर तानिएको हुन्छ, त्यसको ठिक विपरित त्यति नै बलले मानिस अघिल्लतिर धकेलिने गर्दछ। त्यसको गतिलाई रोक्नको लागि लाथाखम राखिएको हुन्छ। यदि यप्सी तान्दा मानिस अघिल्तिर धकेलिएमा तान लुलो भएर बुन्न सकिदैन। त्यसैले खुट्टालाई बल पुगोस् र तल सुल्किनबाट जोगाओस् भनेर त्यसो गरिएको हुन्छ।

अब सबै तयारी भइसकेपछि तान बुन्न सुरू गरिन्छ।

## तान बुन्न सुरू

त्यसरी लामो प्रकृया पुरा गरिसकेपछि दख्खु (कपडा) बुन्न सुरू गरिन्छ। तान बुन्नेले पुनाम्री लगाएर तानलाई सिधा बनाएपछि देसदिमको दाहिनेपट्टिबाट तारखखैले पहिलो धागो छिराउनुपर्दछ। तारखखै भनेको दख्खु बुन्नलाई बाँसको सानो भाटाको तोम्रो हो। त्यसमा दख्खु बुन्नलाई धागो बटारिएको हुन्छ। त्यसरी छिराएको धागोलाई यप्सीले दख्खुको आकार आउने गरी तलको बिटमा मिलाउन बल गरेर तानिन्छ, जसको आवाज ढ्याक ढ्याक गरेर आउनुपर्दछ। यप्सीलाई सामान्य बल लगाएर ठ्याक-ठ्याकको आवाज मात्र आउने गरी धागोलाई मिलाएमा त्यो राम्रो हुँदैन। दख्खुको प्वाल ठूलो हुन्छ। मिहिन र राम्रो दख्खु निस्किदैन। त्यसैले यप्सीले ठिक सँगले धागोलाई हिर्काएर तल मिलाउनुपर्दछ। त्यसपछि ङेइङेइरीको काम आउँछ। अब फेरि अर्को धागो छिराएर बुन्नु अघि तल्लो भागको धागोहरूलाई माथिल्लो भागमा सारिन्छ र अघि माथिल्लो भागमा भएको धागोहरूलाई तल्लो भागमा सारिन्छ। त्यो गर्ने काम ङेइङेइरीको हो। ङेइङेइरी त्यही कामको लागि बनाइएको हुन्छ। त्यसरी धागो सार्दा ङेइङेइरीलाई दरूम्सिङ र यप्सीले सहयोग गर्दछ। दरूम्सिङ बाँसको भाटाको बनाएको हुन्छ। यो बाहिर नै राखिन्छ। धागो छुटयाउने बेलामा दरूम्सिङले दक्पुसीलाई माथि ठेल्ने काममा सहयोग गर्दछ। ङेइङेइरीलाई माथि उचाल्दा दरूम्सिङसँग समातेर उचालिन्छ। यसले गर्दा धागो छुटयाउन सजिलो हुन्छ। दक्पुसी भनेको लेम्छार र ङेइङेइरीको ठिक बिच भागमा रहने ठूलो मोटो बेलना आकारको तीन हात जति लम्बाई भएको बाँसको टुक्रा हो। यसले प्रष्ट रूपमा धागोहरूलाई दुई भागमा छुटयाइदिन्छ। ङेइङेइरीले तल र माथिको धागो छुटाइसकेपछि यप्सीले त्यो धागोको सुरलाई तल बुन्ने मेलोसम्म लाने काम गर्दछ। त्यसपछि फेरि तारखखैलाई देब्रेपट्टिबाट छिराइन्छ र फेरि यप्सीले ढ्याक ढ्याक गरी हिर्काएर धागोलाई तलको सुरसँग राम्ररी मिलाइन्छ। त्यस क्रममा धागोलाई नरम बनाउन, सही स्थानसम्म पुऱ्याउन दक्च्यामले पानी लगाउने र धागो अड्किएमा सिधा बनाउने काम गर्दछ। दक्च्याम भनेको बाँसको सानो भाग हो, जुन सिन्काभन्दा अलिक ठूलो र दरिलो बनाइएको हुन्छ। यसमा एकापट्टि पानी लगाउने झुम्रो र अर्कोपट्टि धागो अड्किएमा मिलाउने तिखो घोच्ने बनाएको हुन्छ। फेरि तारखखै दाहिनेबाट देब्रेतिर र देब्रेबाट दाहिनेतिर, यप्सीको काम, ङेइङेइरीको काम, दरूम्सिङको काम एवम् रूपले दख्खु (कपडा) पुरा बुनिनसकेसम्म चलिरहन्छ। त्यस क्रममा धागोलाई नरम बनाउन घरीघरी वासिरेम धागोमा दलिरहनुपर्दछ। वासिरेम भिर माहुरीको चाकालाई पगालेर बनाएको हुन्छ। यो मुट्ठीभरको हुन्छ। त्यसरी बुन्ने क्रममा कपडा बाङ्गोटिङ्गो नहोस् भनेर एकै साइजको बनाउनको लागि कर्कर्चो राखिएको हुन्छ। कर्कर्चो बाँसको भाटाको सानो फित्कौली जस्तो हुन्छ, जसको दुबैपट्टि बुनेको कपडामा घुसाउन मिल्ने गरी चोसो काटिएको हुन्छ। त्यसरी तयारी कपडालाई काम्बिरमाबाट सार्दै-सार्दै लगिन्छ। अन्ततः त्यसरी सार्दै बुन्दै, सार्दै बुन्दै गरिसकेपछि दख्खु पूर्ण रूपमा तयार हुन्छ। दख्खु तयार भएपछि तानबाट काटेर निकालिन्छ। अब तयारी दख्खु आवश्यक्ताअनुसार कुलुङ राई जातिले विभिन्न प्रयोजनका लागि प्रयोग गर्ने गर्दछन्। लुगा लगाउनु परेमा विभिन्न डिजाइनको बनाएर लगाउने गर्दछन्। यसले मानिसको सौन्दर्यतालाई पनि निखार्न सहयोग गर्दछ। त्यसैगरी कुल पूजामा प्रयोग गर्नुका साथै अन्य विभिन्न प्रयोजनको निम्ति उपयोग गर्ने गर्दछन्।

## दैनिक जीवनमा दख्खु

विभिन्न प्रक्रिया पूरा गरेर तयार भएको दख्खु कुलुङ

राई जातिको दैनिक जीवनमा विभिन्न रूपमा प्रयोग गरिन्छ। त्यसका साथै दख्खुको नाम पनि काम र प्रयोग अनुसार फरक हुन पुग्दछ। अब दख्खु, दख्खु मात्र रहदैन त्यसको प्रयोगअनुसार नाम परिवर्तन भएर फेङ्गा, लुख्पा, सुरूवा, देदाम आदि सामग्री बन्न पुग्दछ। त्यसपछि दख्खु सौन्दर्यको प्रतिविम्ब, बुन्नेको कला र सीप झल्किने र देउता गर्दा नभै नहुने महत्वपूर्ण सामग्री पनि बन्न पुग्दछ।

(क) **सौन्दर्य**

तयारी दख्खुलाई मान्छेले कम्भरभन्दा माथिको भागमा लगाउनेलाई फेङ्गा बनाउँछन्। फेङ्गा पाखुरा र वरिपरिको भागको छेउछेउमा रातो-कालो धागो र अन्य भागमा सेतोले बुनेको हुन्छ। यो छोरा र छोरी दुवैले लगाउँदा हुन्छ। फेङ्गा दुवैको लागि एउटै हो। दख्खु छोरी मान्छेले कम्बरभन्दा तलको भागमा लगाएमा लुख्पा हुन्छ। लुख्पामा छेउछेउमा र बिचको भागमा समेत कालो र रातो धागोले बुनिएको हुन्छ। दुई ओटा दख्खुलाई छेउछेउबाट एकआपसमा बुनेर पूर्ण लुख्पा बनाइएको हुन्छ। एउटा मात्र दख्खुको लुख्पा छोटो हुने भएकोले गाँसिएको हुन्छ। छोरा मान्छेले कम्बरभन्दा तल लगाए सुरूवाल हुन्छ सुरूवाल सेतो धागोको मात्र हुन्छ।

(ख) **उपहार र आर्थिक उपार्जनमा दख्खु**

तयारी दख्खु आफन्त इष्टमित्रहरूलाई उपहारस्वरूप दिने गरिन्छ। आजकाल नेपालीहरू विभिन्न देशमा पुगेका छन्। ती देशहरूमा नेपालबाट उपहार वा किनेर लाने चलन बढेको पाइन्छ। देश कै पनि विभिन्न भागहरूमा उपहार पठाउने चलन बढ्न थालेको पाइन्छ। दख्खु विवाहमा उपहार दिइन्छ। किनेर नै भएपनि उपहार दिने चलन सुरू भएको छ। पहिले-पहिले बुन्न जान्नेले मात्र दिने चलन थियो तर आजको दिनमा किनेरै पनि उपहार दिने चलन सुरू भएको पाइन्छ।

आर्थिक उपार्जनको लागि बिक्री गर्न सकिन्छ। आर्थिक दृष्टिकोणले हेर्दा फेङ्गालाई पाँच हजार पर्दछ भने छोरी मान्छेले लगाउने लुख्पालाई दश हजार पर्दछ। टिकाउको हिसाबले एक पटक लगाइसकेपछि निरन्तर लगाउँदा पनि ६ वर्ष जति खप्छ। अझ पालैपालो लगाउने हो भने १२-१५ वर्षसम्म टिक्छ र कहिलेकाहीँ मात्रै लगाउने हो भने ५० वर्षभन्दा ज्यादा लगाउन सकिन्छ। अझ मुसाले नखाए त जुग टिक्छ।

(ग) **दख्खु बुहारी खोज्ने बाटो**

महिला वा पुरूषले राम्ररी बुनेको दख्खु लगाएर हिडेको देख्दा अरूले आहा! कति राम्रो, कसले बुनेको ? भनेर बुन्ने मान्छेको सिपको प्रशंसा गर्ने गर्दछन् आजकाल जस्तो विभिन्न प्रकारका लुगाको विकास नभएको समयमा त्यसरी राम्रो बुन्ने सिप भएको अविवाहित केटी भए आफ्नो बुहारी बनाउन मागेर लाने चलन थियो। पहिले-पहिले त्यसरी राम्रो दख्खु बुन्ने केटीलाई खोजी-खोजी विवाह गर्ने चलन थियो। विवाह गर्नको लागि केटीको बारेमा सोधखोज गर्दा सिप जानेको छ कि छैन ? भनेर सोध्ने चलन थियो। या भनौँ त्यस बेला राम्रो सिप भएको केटीहरूलाई गाउँ समाजका सबैले आफ्नो बुहारी बनाउन प्रयास गर्दथे। त्यस कुरालाई स्मरण गर्दै हिरासुखा कुलुङ बताउँछिन् "पहिले-पहिले राम्रो तान बुन्ने केटीलाई बुहारी बनाउन माग्न आउने चलन थियो। बुहारी माग्न जाँदा पनि हातमा के-के सिप छ भनेर सोध्ने चलन थियो।"

(घ) **औषधीजन्य गुण**

अल्लोको लुगा (दख्खु) नपाउने स्थानहरूमा कसैलाई जाबे (शरीर चिलाउने र शरीरभरि डाबर आउने एक किसिमको रोग) आएमा जालहारीको जाल दल्ने चलन थियो। त्यसरी जाल दल्दा जाबे निको पनि हुन्थ्यो।

त्यसैले घरमा जालको सानो टुक्रा भए पनि राख्ने चलन थियो। त्यो जाल अल्लोबाट बनेको हुन्थ्यो। तर आजकाल अल्लोको जाल बुन्ने परम्परा लोप भएर गयो। जाल पनि प्लाष्टिकको बुन्न थालियो। जाबे आउँदा जाल दल्ने चलन पनि हराएर गयो। त्यसको विकल्पमा आजकाल जाबे आएमा डाक्टरकोमा गएर औषधी खाने चलन आएको पाइन्छ। त्यति मात्र नभएर अल्लोको लुगा लगाएमा छालामा चिलाउने रोग पनि लाग्दैन।

महाकुलुङ गाउँपालिकाको छेस्काम क्षेत्रका कुलुङ राई जातिमा आज पनि जङ्गली लाग्यो भने दख्खु जलाएर मधौरोलाई सुघाउने, अडाउने चलन रहेको पाइन्छ। त्यसो गर्दा विरामी निको हुने जनविश्वास रहेको ८० वर्षका अमृतबहादुर राई बताउँछन्।

## धार्मिक तथा सांस्कृतिक जीवन संस्कारहरूमा दख्खुको प्रयोग

### (क) विवाहमा प्रयोग

पहिले-पहिले अन्य लुगाको विकास नभएको अवस्थामा विवाह संस्कारमा दख्खुबाट बनेको फेङ्गा, लुख्पा, सुरूवाल लगाउने चलन थियो। पछि विभिन्न प्रकारका लुगाहरूको चलन आएपछि त्यो परम्परा हराएर गयो। हिजोआज पुनः विवाहमा फेङ्गा, लुख्पा लगाउने चलन बढ्न थालेको छ। आफ्नो संस्कार, परम्पराप्रतिको सचेतनाले गर्दा बेहुलाबेहुलीहरूलगायत अरूले पनि लगाउने थालेको पाइन्छ। साथै विवाहमा उपहारस्वरूप फेङ्गा, लुख्पा दिने चलन बढ्न थालेको पाइन्छ।



अल्लोको लुख्पा। तस्विरः नारायणभक्त राई

(ख) **चाकचाकुर ⁄ तोष ⁄ देदाम**

कुलुङ राई जातिले आफ्नो कुल पूजा गर्दा दख्खु चाहिन्छ। कुलुङहरूले गर्ने विभिन्न पूजाहरूमध्ये देदाम एक हो। जुन कुलुङहरूको लागि महत्वपूर्ण कुल पूजा हो। देदाम गर्दा दख्खुले वरिपरिबाट अनिवार्य रूपमा बार्नु (घेर्नु) पर्दछ। त्यसरी बार्दा करिब तीन मिटर दख्खु आवश्यक पर्दछ। त्यस दिन पूजा गर्ने धामी (नक्छो) र घरका अन्य सदस्यहरूले पनि दख्खु अनिवार्य रूपमा लगाउनुपर्दछ। त्यस दिन कुलुङहरूलाई दख्खु नभै हुँदैन। दख्खु अल्लोबाट बनिन्छ। त्यसैले कुलुङहरूको लागि अल्लो अभिन्न वनस्पति हो। किनभने अल्लो बिना कुलुङहरूको कुल पूजा (देदाम) नै सम्पन्न हुँदैन। जुन कुल पूजा कुलुङ राई जाति रहेसम्म गर्नुपर्दछ। त्यसो हो भने अल्लो पनि कुलुङ राई जाति रहेसम्म आवश्यक पर्दछ। त्यसैले कुलुङहरूले आफ्नो संस्कार, परम्परा जोगाई राख्नको लागि भए पनि अल्लोको संरक्षण गर्ने गरेको महाकुलुङ गाउँपालिका वडा नं. ३ की हिरासुखा कुलुङ बताउँछिन्। आफ्नो संस्कार जोगाई राख्न उनी निरन्तर तान बुन्दै आइरहेकी छिन्। उनले आफूले मात्र तान बुन्ने हैन, गाउँघरका अन्य महिलाहरूलाई पनि सिकाउदै आइरहेकी छिन्। गाउँमा देदाम गर्नुपर्दा गाउँका महिलाहरू सबै मिलेर दख्खु बुन्ने गर्दछन्। "आफ्नो संस्कारमा चाहिने भएकोले हामी सबै मिलेर समूह बनाएर देदाम गर्दा आवश्यक पर्ने दख्खु बुनेका छौँ। बुन्न धेरै दुःख छ तर पनि आफूलाई चाहिने भएकाले राम्रो नै लाग्छ र बुन्ने गरेका छौँ।" अल्लो संरक्षणका लागि उनीहरू अल्लो पलाएको स्थानमा मानवीय गतिविधि सीमित गर्छन। जथाभावी अल्लो काट्दैनन्। काट्ने बेला भएपछि मात्र काट्छन्।

(ग) **अल्लो ⁄ दख्खुको अन्य प्रयोग**

दख्खु लगाउनुको फाइदा गर्मीमा सितलता दिन्छ। आगो लाग्दैन। अझ भिजाएर अल्लोको लुगा लगाएमा आगोले कुनै पनि हालतमा टिप्दैन। अल्लोबाट बनेको कपडालाई अग्नि नियन्त्रण कपडाको रूपमा प्रयोग गर्न सकिन्छ। यसको विशेषता भनेको पानीमा भिजाउने बित्तिकै पानीलाई सरर आफूमा सोस्नु हो। पानी सोसी सकेपछि छिट्टै सुकिहाल्दैन, जसले गर्दा अग्नि नियन्त्रण कार्यमा प्रयोग गर्न सकिन्छ। आगो नियन्त्रणमा खटिएका व्यक्तिहरूलाई यसले आगोको राप र जलनबाट जोगाउछ। आजको विश्व आगलागीको समस्याबाट आक्रान्त छ, त्यसको निराकरणका लागि विश्वलाई नै नेपालले एक नम्बरको कपडा निर्यात गर्न सक्दछ। यस कुराले देखाउछ कि अब पुर्खाको ज्ञान र सिपले विकास गरेको दख्खुले आफ्नो शरीरमात्र ढाक्ने हैन विश्वलाई नै अग्नि नियन्त्रणको सामग्री पनि दिन सक्छ।

**यत्ति पढिसकेपछि यस्तो बहुउपयोगी दख्खु केबाट र कसरी तयार हुन्छ त ? भन्ने प्रश्न पक्कै उठ्न सक्छ। अब त्यसबारे कुरा गरौँ।**

अल्लो प्राकृतिक रूपमा पाइने विभिन्न प्रजातिको सिस्नोमध्ये एक हो। यो घमाइलो, उतिसको रूखहरू पलाउने, चिसो स्थानहरूमा उम्रन्छन्। ती स्थानहरूमध्ये पनि सबैभन्दा राम्रो मलिलो माटोमा हुन्छ। धागोको हिसाबले लेकको पनि हैन र बेसीको पनि हैन, ती दुईको ठिक बिच भागमा उम्रेको अल्लो सबैभन्दा राम्रो र बल्लियो हुन्छ।

अल्लोलाई बिउ वा गानाबाट सार्न सकिन्छ भने बोटबाट पनि सार्न सकिन्छ। बिउबाट उम्रेको हो भने कम्तीमा दुई-तीन वर्षमा काट्न सकिन्छ। गाना र बोटबाट उम्रेको हो भने राम्रो मलिलो माटोमा भए एकै वर्षमा, नभए दुई वर्षमा काट्न मिल्ने हुन्छ। यो मुख्य रूपमा बैशाखदेखि असारसम्ममा उम्रने गर्दछ भने असारदेखि कार्त्तिकसम्म हुर्कने गर्दछ। त्यसपछि अगुवाहरूलाई असोज अन्तिमदेखि काट्न सुरू गरिन्छ। पछुवाहरूलाई

कार्त्तिकदेखि मंसिरसम्म काटिन्छ। त्यसबीचमा जेठदेखि भदौसम्म अल्लो काट्न नहुने समुदायगत विश्वास रहेको पाइन्छ। त्यस समयमा काटेमा जङ्गली लाग्ने छेस्कामवासीको जनविश्वास रहेको पाइन्छ। त्यो जनविश्वास पुर्खौं पुर्खादेखि चलिआएको परम्परा हो। त्यस परम्पराले आजको वैज्ञानिक युगमा आएर भने सार्थकता पाएको छ। खासमा बैशाखदेखि भदौसम्म पानीभरी ज्यादा पर्दछ। रूखबिरूवा, झारपातहरू सबैमा नयाँ पालुवा पलाउछ, जसले गर्दा रूखबिरूवा, झारपात नरम भएको हुन्छ। त्यस्तो रूखको घर बनाए काठमा किरा लाग्ने, काठ पसाङ्गिने, छिट्टै भाँचिने हुँदा कम्जोर हुने गर्दछ। त्यसरी नै अल्लोको पनि लोक्ता काढ्दा धागो कम्जोर निस्कन्छ। छिट्टै किरा लाग्छ। कपडा कम्जोर भए धेरै समय टिक्दैन। त्यसैले उक्त समयमा बन्द गरिएको हो। तर प्राचीन समयमा ठोस वैज्ञानिक कारणले प्रष्ट्याउन सकिने अवस्था थिएन। त्यसैले जङ्गली लाग्छ भनेर पुर्खाहरूले बुद्धि लगाएर रोकेको बुझ्न सकिन्छ। त्यसरी कपडाको गुणलाई वर्षौं वर्ष टिकाउनका लागि वर्षौं वर्ष अभ्यास गरेर के गर्दा के हुन्छ ? कस्तो गर्दा धेरै खप्छ ? भनेर नयाँ विवेकको सृजना गर्ने ती पुर्खाहरू खासमा त्यस बेलाका वैज्ञानिक, विचारक र महान चिन्तकहरू हुन्।

असोज जाँदो र कात्तिक लाग्दोबाट अल्लोहरूलाई काटेर त्यसबाट बोक्रा निकाल्न सुरू गरिन्छ। अल्लोको बोक्रा निकाल्नलाई खुर्पा, खुकुरी र कचिया आवश्यक पर्दछ। बाक्लो घारीमा छिर्न सकिदैन। त्यस्तो बाक्लो घारीलाई काटेर आफू छिर्ने स्थान बनाउका लागि खुकुरी, खुर्पा चाहिन्छ भने अल्लो काट्नलाई कचियाको आवश्यकता पर्दछ। कचियाले दुईदेखि छ फिटसम्मको अग्लो अल्लोलाई काटिन्छ। खुर्पा वा खुकुरीले काट्दा तलसम्म गएर ढुङ्गामा ठोकिने हुँदा अल्लो काट्नको लागि कचिया नै उपयुक्त हुन्छ। अल्लो काटिसकेपछि त्यसमा भएको अनावश्यक पात तथा हाँगाहरू हटाइन्छ। त्यसरी पात तथा हाँगाहरू हटाउदा काँडाले पोल्न सक्दछ। त्यसबाट बच्नको लागि बाक्लो पञ्जा वा अन्य बाक्लो कपडाहरूले समातेर सुर्कनुपर्दछ। त्यसरी सफा भएको अल्लोको डाँठलाई फेदबाट अलिकति भाँचेर, भाँचिएकै स्थानबाट छड्के पारेर बोक्रा उक्काउनुपर्दछ। कतिपय बोक्रा सरर निस्कन्छ भने कति बिचैमा चुटिन्छन्। राम्रो ठाउँको राम्रो अल्लोको बोक्रा राम्रो निस्कन्छ भने किरा लागेको खडेरी परेको स्थानको बोक्रा राम्रो निस्कदैन, बिचैमा चुटिन्छ। त्यसरी तानिएको अल्लोको बोक्रालाई लोक्ता भनिन्छ। त्यसरी लोक्ता काढ्न गाउँलेहरू मिलेर जङ्गल जाने गर्दछन्। जङ्गल टाढा भए उतै बास बसेर काढ्ने गर्दछन्।

त्यसरी काढिएको लोक्तालाई काढिएकै समयदेखि सुकाउन सुरू गरिन्छ। घमाइलो स्थानमा तीन-चार दिनसम्म सुकाउनुपर्दछ। मजाले नसुके धागो बल्लियो हुँदैन। लोक्ता राम्रोसँग सुकेपछि बाँधेर राखिन्छ। त्यसपछि धागो बनाउने समयमा निकालेर चार दिनदेखि साता दिनसम्म पानीमा भिजाइन्छ। पानीमा भिजाएपछि खरानीसँग मोलेर तातो पानीमा पकाउनुपर्दछ। पाकिसकेपछि सफा पानीले वा खोला नजिक भए खोलामा लगेर मुङ्ग्रोले हिर्काउदै धुदै गर्नुपर्दछ। त्यसरी मुङ्ग्रोले हिर्काउदै धुदै गर्दा अल्लोको बोक्रा वा लोक्ता नरम भएर कपास जस्तो भुवादार बन्दै जान्छ। भुवादार नभएमा धागो कात्तिदैन वा निस्कदैन। भुवादार र सफा भइसकेपछि फेरि सेतो कमेरो माटोसँग मोल्नुपर्दछ। त्यसको लागि कमेरो माटोलाई कुटेर मिहिन बनाएर पानीमा भिजाएर लोक्तासँग मोलेर सुकाउनुपर्दछ। कमेरो माटो नदलेमा लोक्ता अरअरको हुन्छ र लुख्पा बुन्न सकिदैन। सुकिसकेपछि लोक्ता धागो तान्नको लागि तयार हुन्छ।

त्यसपछि लोक्ताबाट धागो तान्दै वास्नाममा बटार्नुपर्दछ। वास्नाम एउटा एक फिट जतिको गोलो सानो बाँसको

सिन्का जस्तोबाट बनाइएको हुन्छ, जसमा भैँसीको सिङको सानो टुक्रालाई चारपाटे काटेर धागो बटार्न सजिलो हुने गरी त्यस सिन्कामा उनिएको हुन्छ, त्यसैलाई वास्नाम भनिन्छ। वास्नाममा अब भुवादार लोक्ताबाट धागो कात्न सुरू गरिन्छ। एउटा हातमा वास्नाम र अर्को हातमा लोक्ता लिएर बिस्तारै-बिस्तारै आवश्यक्ताअनुसारको साइजमा धागो घुमाउँदै कात्न थालिन्छ।



डोरी र दाम्लो बनाउन प्रयोग गरिने अर्गेली (खुल्तुम)। तस्विरः नारायणभक्त राई

धागो मोटो चाहिएमा भुवा धेरै छोड्दै बटार्दै जानुपर्दछ। यदि धागो सानो चाहिएमा भुवा थोरै छाड्दै बटार्दै-बटार्दै जानुपर्दछ।आवश्यक्ता अनुसार धागो बटार्ने काम पूरा भएपछि अब धागोलाई नरम बनाउनुपर्दछ।

त्यसरी नरम बनाउने क्रममा नै आवश्यक रङहरू पनि भर्ने गरिन्छ। यी दुई काम एकै पटक सँगसँगै गरिन्छ। त्यसका लागि पिठो र रङ आवश्यक पर्दछ। एक धार्नी धागोलाई एक माना पिठो आवश्यक पर्दछ। पिठो कोदो वा मकैको भए हुन्छ। त्यस पिठोमा एकपट्टिको भाँडोमा रातो र अर्को भाँडोमा कालो रङ पकाउनुपर्दछ। एउटा फेङ्गा र लुख्पालाई एक-एक सयको रङ भए पुग्छ। सेतो बनाउन भने रङ चाँहिदैन। धागोको रङ आफैमा सेतो हुन्छ। सेतोलाई पिठोमा मात्र पकाउनुपर्दछ। पिठो पाकिसकेर रङ धागोमा लागिसकेपछि धागोलाई तन्काएर सुकाउनुपर्दछ। धागो तन्किएन भने राम्रो धागो बन्दैन। खजमजिएर कक्रक्कको धागो हुन्छ। त्यसैले टिनिक्क तन्काएर सुकाउनुपर्दछ। त्यसरी सुकिसकेपछि अब धागो तान थाप्नलाई तयारी भयो। यसरी प्रकृया हेर्दा केही झन्झटिलो र धेरै मेहनत गर्नुपर्ने देखिन्छ। त्यति नगरे राम्रो धागो निस्कदैन। राम्रो धागो ननिस्किए राम्रो दख्खु (कपडा) बुनिदैन। राम्रो दख्खु नबुनिए लगाउन सकिदैन। लगाउन बुनेको दख्खु लगाउनै नहुने भएपछि त्यसको कुनै काम हुँदैन। त्यसैले राम्रो दख्खुको लागि मेहनत चाहिन्छ। यसले प्रष्ट पार्छ कि किराती/कुलुङ राई जाति धेरै मेहनती हुन्छन् भनेर। अरू प्रक्रिया माथि उल्लेख गरिएको छ।

यसरी एउटा लामो प्रक्रिया पूरा गरेर दख्खु तयार हुन्छ। प्राकृतिक रूपमा हेर्ने हो भने करिब एक वर्ष जतिको प्रक्रिया पूरा गरेर दख्खु तयार पारिन्छ। मानिसलाई नभै नहुने कपडा (दख्खु) लुगा (फेङ्गा, लुख्पा) कुलुङ राई जातिमा त्यस किसिमले तयार हुन्थ्यो र हुँदै आएको छ। ●●●

# छेस्काम, ऊन र कुलुङ राई जातिबीचको सम्बन्ध

■ नारायणभक्त राई, मोरङ



भेंडाको ऊन केलाउँदै । तस्विरः नारायणभक्त राई

## विषय प्रवेश

भेडा किराती जीवनमा महत्वपूर्ण छ। हुन त भेडा विभिन्न प्रजातिका हुन्छन् । वातावरणीय हिसाबले पनि भेडाहरू फरक हुने गर्दछन् । विश्वलाई नियाल्ने हो भने भेडा अत्यधिक गर्मी हुने स्थान मरूभूमिदेखि अत्यधिक जाडो हुने स्थान लेकसम्मै पाइन्छन्। नेपालमा हावापानीको हिसाबले मुख्य गरी तराई, हिमाल तथा पहाडी क्षेत्रमा भेडाहरू पाइन्छन् । हिमाल तथा पहाडी क्षेत्रमा पाइने भेडाहरूलाई लेकाली र अहुले भेडा भनेर विभाजन गरिएको पाइन्छ । हिमालको नजिक पहाडको माथिल्लो भागमा बाँच्न सक्ने भेडालाई लेकाली भेडा भनिन्छ भने केही लेकको भूभाग र ज्यादा औलको क्षेत्रमा बस्ने भेडालाई अहुले भेडा भनिन्छ। लेक भनेको ज्यादा जाडो हुने स्थान हो भने औल लेकको तुलनामा कम जाडो हुने केही न्यानो हुने स्थान हो। पहाडी क्षेत्रमा भेडालाई कान र रङको आधारमा पनि छुट्याउने गरेको पाइन्छ। लामो कान हुनेलाई लाम्काने र छोटो कान हुनेलाई छोट्काने भन्ने गरिन्छ। कसैले

त्यसै भेडालाई वनपाला र घरपाला भनेर पनि छुट्याउने गर्दछन्। वनपाला भेडा घरतिर राखिदैन। वन-वनै चराइन्छ, उतै राखिन्छ। घरपाला भेडा वनमा लगिदैन। घर छेउछाउ नै चराइन्छ। प्रायः देउता-पूजा गर्दा छोट् काने भेडाको प्रयोग गर्ने गरिन्छ। लाम्काने भेडा देउतालाई चल्दैन भन्ने चलन रहेको पाइन्छ। रङको आधारमा तीन किसिमको भेडा पाइन्छ, सेतो, कालो र रातो (भन्नाले पूरै रातो हैन, रातो र कालो मिस्सिएको हुन्छ) कुलुङ भाषामा दुकाली भनिन्छ।

प्राचीन समयदेखि नेपालका पहाडी क्षेत्रमा नुन ढुवानी गर्ने यातायातको साधनको रूपमा लेकाली भेडालाई प्रयोग गरिएको पाइन्छ। ७९ वर्षका धर्मराज राईका अनुसार भेडाहरूलाई एक धार्नीदेखि ६ धार्नीसम्म नुन बोकाउने चलन थियो। भेडा हेरेर उमेर पुगेको तर केही साना भेडालाई एक, दुई धार्नीसम्म बोकाइन्थ्यो। त्यसैगरी कम बल्लियोहरूलाई तीनदेखि चार धार्नी र बल्लियोहरूलाई पाँचदेखि छ धार्नीसम्म बोकाउने चलन थियो। आधुनिक यातायातको साधन विकास भएपछि भने त्यो कार्य हराएर गएको पाइन्छ। भेडालाई यातायातको साधनको रूपमा मात्र हैन, भेडाको उनबाट कपडा, लम्पट, लुकुनी, बुर्कासान, राडी, (राडी पनि एक पाते, दुई पाते, चार पाते हुन्छन्), पाखी, पटुका, फेटा, टोपी, घुमराडी बुनिन्छ। भेडाको दुधबाट दही, मही, घिउ, महीबाट छुर्पी, दिसापिसाबबाट मल, छालाबाट लुगा, सुर्ती राख्ने भाडा, मासुबाट परिकार बनाउने जस्ता विभिन्न रूपमा प्रयोग गर्ने गरिन्छ। त्यति मात्र हैन भेडाको बच्चा बेचेर पैसा पनि कमाउन सकिन्छ। यहाँ इतिहासको एउटा प्रसंग राख्नु उपयुक्त हुन्छः



भेडाको ऊनबाट बनेको तयारी धागो। तस्विरः नारायणभक्त राई

पहिले-पहिले बुबाले छोरालाई नुन लिन पठाउँदा त्यही भेडा बेचेर, त्यसको पैसाले नुन किनेर त्यही भेडालाई बोकाएर ल्याउनु भन्ने गर्दथे। यो सुन्दा सामान्य सुनिन्छ तर व्यवहारिक रूपमा अप्ठ्यारो कुरा हो। त्यही भेडा बेचेर त्यसै भेडाको पैसाले नुन किनेर त्यसै भेडालाई नुन बोकाएर ल्याउनु भन्ने कुरा असम्भव जस्तो देखिन्छ। तर त्यसलाई दार्शनिक दृष्टिकोणबाट नियाल्नुपर्दछ। यसको अर्थ भेडाको उन काटेर बेचेर आएको पैसाले नुन किनेर त्यसै भेडालाई बोकाएर ल्याउनु भन्ने हुन्छ।

## छेस्काम र भेडा

भेडालाई विभिन्न रूपमा संरक्षण, प्रयोग र उपयोग गर्दै आइरहेको सालिन गाउँ हो छेस्काम। शान्त र मनमोहक छेस्कामवासीहरूले बर्षौ बर्षदेखि भेडाको उनबाट मानिसका जीवनमा आवश्यक पर्ने विभिन्न जीवन उपयोगी सामग्रीहरू निर्माण गर्दै आइरहेका छन्। त्यस क्षेत्रमा मुख्य गरी किरात कुलुङ राई जातिहरूको सघन बसोबास रहेको पाइन्छ। छेस्काम महाकुलुङ गाउँपालिकाको वडा नं. ३ मा पर्दछ। यहाँका कुलुङ जाति र भेडाबिच गहिरो अन्तरसम्बन्ध रहेको पाइन्छ। आधुनिक लुगा, कपडा, ओढ्ने ओछ्याउने, छाताको विकास नभएसम्म यहाँका अधिकांश मानिस भेडामा निर्भर थिए। उनीहरूले आफूलाई आवश्यक पर्ने लुगा, कपडा, ओढ्ने ओछ्याउने सबै भेडाबाट नै बनाउने गर्दथे। उनीहरूले जाडोबाट बच्नको लागि शरीरमा लुकुनी लगाउँथे। घुमराडी वर्षाको समयमा पानी-झरीबाट बच्नको लागि प्रयोग गर्दथे। त्यसै गरी राडी ओछ्याउन र ओढ्न प्रयोग गर्ने गर्दथे। यसमा रोचक कुरा के छ भने वर्षा हुँदा पानीबाट जोगिन प्रयोग गरिने घुमराडी त्यस बेलाको छाता हो, जुन भिज्दै-भिज्दैन, दिनभरी पानी पर्दा टाउकोदेखि जीउ पुरै ढाक्ने गरी ओढ्यो, भरै राती सुत्दापनि त्यही ओढेर सुत्यो। त्यस्तो राम्रोसँग बुनिएको हुन्छ। जति नै पानीले भिजे पनि भित्रसम्म पानी पुग्दै पुग्दैन।

छेस्काममा भेडा उधौलीमा तलतिर झर्छ। उभौलीमा मास्तिर चढ्छ। उधौलीमा तलतिर झार्दा जमिन मोल्ने पनि गरिन्छ। जमिन मोल्ने भनेको आफूले अन्न रोप्ने वा छर्ने स्थानलाई मलिलो बनाउन त्यहाँ भेडा राखिन्छ। भेडाको दिसापिसाबले त्यहाँ मल लाग्दछ। आफ्नो जग्गा मलिलो बनाउन कै लागि पनि भेडा गाउँसम्म झारिन्छ। त्यसलाई भेडी गोठ सार्ने भनिन्छ। भेडी गोठालोको घर नजिक नभए अरू मानिसहरूले गोठ आफ्नो जग्गामा राखिदिन अनुरोध गर्दछन्। त्यसरी आफ्नो खेतबारीमा भेडा राखिदिए बापत भेडी गोठालेलाई खान, बस्नको लागि राम्रो व्यवस्था गरिन्छ। त्यसरी गोठ सार्दा एकैचोटि माथि लेकमा र एकैचोटि तल औलमा झारिदैन। भेडालाई विस्तारै-विस्तारै चराउँदै माथि लगिन्छ। पछि झार्दा पनि विस्तारै-विस्तारै चराउँदै-चराउँदै तल झारिन्छ। गोठ सार्दा बच्चाबच्ची भएको गोठ सार्न झनै मुस्किल हुन्छ। छेस्कामवासीले उभौलीमा आफ्नो गोठ सिद्धिसम्म लाने गर्दछन्। सिद्धिसम्म लानलाई उनीहरूले गाउँघरमा बारी मोलिसकेपछि मुद्धि खर्कमा गोठ लान्छन्। त्यस क्षेत्रमा सकेटा, डेर्द, यैलुवमहरूमा गोठ सार्दछन् र भेडा चराउँछन्। त्यहाँ वरिपरि चराइसकेपछि चुच्चे (जुक्तुसको) मा गोठ लगिन्छ। दिउ खर्क, छपा खर्क, पोक्टेपोखरी, हुर्हुरे डाँडा, देउराली डाँडाहरूमा चराउँदै उभो (मास्तिर) लान्छन्। त्यसरी लाने क्रममा दोबाटे डाँडा आउँछ। त्यहाँ पुगेपछि सोताङ, छेस्काम, बुङ, गुदेल जस्ता सबै ठाँउका भेडाहरूको भेट हुन्छ। भेडा चराउँदैचराउँदै सबैले त्यहीँ ल्याइपुऱ्याउँछन्। त्यहाँदेखि माथि अर्को देउराली डाँडामा गोठ सार्दछन्। त्यो देउरालीबाट उँधोपट्टि फर्केर हेर्दा पाँचपोखरी देखिन्छ। त्यहाँ पाँच ओटा पोखरी भएकोले त्यसलाई पाँचपोखरी भनिएको हो। त्यसपछि गोठलाई खोला

खर्क सारिन्छ। खोला खर्क पुगेपछि केही गोठ त्यहीँ बसेर उधौलीमा तलतिर झर्छन्। केही गोठ पाँचपोखरी खर्कसम्म जान्छन्। केही मेरा खर्कतिर जान्छन्। केही लाम्दिङ्ग चौरतिर जान्छन्। लाम्दिङ्ग चौर लानलाई बुङ खोला तारेर लानु पर्दछ। बुङ खोलाले भेडालाई बगाउने भएकोले त्यहाँ साँघु (पुल) थापेर लानुपर्दछ। साँघु थाप्न चार जनाले एकै दिनमा सकिन्छ भन्छन् ७२ वर्षका राजमान कुलुङ। पछि फर्कदा फेरि पुललाई भत्काएर ओडारमा राखिराख्नुपर्दछ। फेरि अर्को वर्ष त्यसैलाई पुल बनाउन सकिन्छ। ती सबै क्षेत्र हिमाली क्षेत्र हो। यसलाई लेक पनि भनिन्छ। यस क्षेत्रमा भेडा चराउनुलाई सिद्धिसम्म भेडा चराएको भनिन्छ। यसरी गोठ सार्दै चराउँदै छेस्कामको भेडा सिद्धिसम्म लगिन्छ। यहाँ भदौसम्म भेडालाई चराइन्छ। यसलाई उभौली भनिन्छ। यस समयमा जाडो कम हुन्छ। खर्कहरूमा घाँस प्रशस्त हुन्छन्।

यो गर्मी याम हो। गर्मी महिना सकिएपछि जाडो याम सुरू हुन्छ। जाडो याम सुरू भएपछि भदौदेखि छेस्कामवासीहरूले गोठहरूलाई औलतिर झार्छन्। त्यसरी भेडी गोठ तल झार्दा फेरि पहिले चराउँदै लगेको स्थानहरूमा भेडी गोठ सार्दै-सार्दै झार्दछन्। त्यस बेलासम्म पहिले चराउँदै लगेको स्थानहरूमा घाँस पनि प्रशस्त पलाइसकेका हुन्छन्। त्यसरी भेडा चराउँदै-चराउँदै पुनः गाउँसम्म भेडा आइपुग्छन् र फेरि अन्न रोप्ने, छर्ने स्थानहरूमा मल लगाउँछन्। यसरी भेडा चराउँदै गोठ उधो झार्ने कार्यलाई उधौली भनिन्छ। भेडा चराउने क्रममा भेडालाई विखबाट जोगाउनुपर्दछ। हैन भने भेडा विख खाएर मर्छ। घाँस पलाउँदा विख पनि सँगसँगै पलाउँछ। त्यसरी विख पाउने खर्कहरूमा झार खर्क, मझाँग खर्क, राङ्डाक खर्क र नौलेखकोठे खर्कहरू रहेका छन्। यस्ता खर्कहरूमा भेडालाई चर्न दिनु हुँदैन। छिटोछिटो खेदाएर वन कटाउनुपर्दछ।

## भेडा र ऊन

लेक बेसी गराउने क्रममा भेडाको ऊन काटिन्छ। उनबाट छेस्कामवासीलाई आवश्यक पर्ने विभिन्न सामाग्री बुनिन्छ। उन काट्दा जथाभाबी काट्न हुँदैन। जहिले मन लाग्यो त्यहीँले पनि काट्न हुँदैन। मनलाग्दो गरे सबै भेडा मर्न सक्छ। भेडाको ऊन प्रकृतिको नियम अनुसार काट्नुपर्दछ। त्यसैले उधौली र उभौलीमा काटिन्छ। उधौलीमा ऊन धेरै जम्मा गर्न सकिन्छ भने उभौलीमा ऊन कम जम्मा हुन्छ। उभौलीको उन राम्रो र बल्लियो हुन्छ। यस्तो उनलाई प्रायः भेडीगोठाला आफैले राख्ने गर्दछन्। घरमै प्रयोग गर्ने गर्दछन्। आफूलाई पुरा भएपछि मात्र बेच्ने गर्दछन्। चैतमा एक मुरन (पटक) काटिन्छ। असोजमा एक मुरन काटिन्छ। चैत उभौलीमा पर्छ भने असोज उधौलीमा पर्दछ। भेडाको उन कटाई प्रकृतिको विपरित हुनुहुँदैन। प्रकृति अनुकुल हुनुपर्दछ, जसरी उधौली र उभौलीमा गोठ सारिन्छ। उधौलीमा लेकतिर हिउँ पर्छ, घाँसपातको अभाव हुन्छ। त्यस बेला भेडालाई लेकमै राखियो भने हिउँ परेर र खानाको अभावले गर्दा भेडा मर्छ, त्यसैले तल झार्नुपर्दछ। तल झार्दा बेसीमा भेडालाई गर्मी लाग्छ। ज्यादा गर्मी भए भेडा मर्छ। त्यसैले भेडाको उन काट्नुपर्दछ। उसैगरी उभौलीमा घाम ज्यादा लाग्छ। गर्मी बढ्छ। त्यसबाट जोगाउन भेडाको रौँ काटिदिनुपर्दछ। यसर्थ ऊन काट्नु भनेको भेडाको शोषण गर्नु हैन, बरू भेडालाई सहयोग गर्नु हो। घरमै राखिएको भेडाको उन भने तीन पटकसम्म काट्नुपर्दछ। घरमा गर्मी हुने हुँदा तीन पटकसम्म काट्ने गरिन्छ। ऊन काट्दा लाग्ने कर्द वा कैँची प्रयोग गर्नुपर्दछ। उन काट्न सजिलो कर्दले हुने गर्दछ। उन काट्ने कर्दलाई स्याङ्गी भनिन्छ। भेडाको रौँ काट्न त्यति सजिलो छैन। मलाई गर्मी भाको तँलाई उन चाहिएको, लु मेरो रौँ काट भनेर भेडा चुपचाप बस्दैन। भेडा यताउता चलिरहन्छ। झन्

काट्न थालेपछि त उफ्रिन थाल्छ। त्यसैले उन काट्न तीन जना चाहिन्छ। एउटाले टाउको समात्ने, अर्कोले खुट्टा समात्ने र अर्कोले रौँ काट्ने गर्नुपर्दछ। हैन भने भेडा यता र उता उफ्रिदा भेडाको मासु नै काटिन सक्छ। त्यसैले चल्न नपाउने गरी समात्नुपर्दछ। त्यसरी रौँ काट्दा अगाडिपट्टि रूखको हाँगाको काफे बनाएर त्यसमा टाउको अड्काउने पनि गरिन्छ। टाउको अड्काएर काट्दा दुई जनाले पनि काट्न सकिन्छ। पहिले-पहिले काटिसकेका कतिपय माउहरूलाई भने त्यसरी काफेमा टाउको अडाएपछि समातिरहन पर्दैन। सजिलै काट्न सकिन्छ। तर नयाँहरूको काट्न अलिक असजिलो हुन्छ। एक्लैले काट्नु पर्दा अगाडि पछाडिको चारै ओटा खुट्टा बाँधेर भुइँमा लडाएर काट्नुपर्दछ। त्यसो गर्दा भेडालाई पनि समस्या हुन सक्छ भने एक्लैलाई धेरै गाह्रो र लामो समय लाग्दछ। त्यसैले भेडीगोठमा बस्नेहरू मिलेर पालैपालो रौँ काट्ने गर्दछन्। एउटा भेडाको रौँ काट्न १५ मिनेटदेखि आधा घण्टाजति लाग्दछ। भेडाको बगल थोरै भए समय कम लाग्दछ र रौँ पनि कमै आउँछ। धेरै भेडा भए धेरै रौँ निस्कन्छ तर समय धेरै लाग्दछ। त्यसरी रौँ काट्दा एउटाबाट धेरैमा आठ पोलसम्म आउने गर्दछ। आठ पोल आउनको लागि भेडा बल्लियो, ठूलो र जवान हुनुपर्दछ। लुते, सानो वा बुढोको उन कम आउँछ। धेरै उमेर पुगेको भेडाको रौँ नै उम्रन छाडिसकेको हुन्छ। त्यसैले बुढो भेडाको धेरै रौँ आउँदैन। कलिलो र पहिलो पटकको भेडाको उन नरम हुन्छ। जति उमेर बढ्दै गयो भेडा छिप्पिदै जान्छ भने उन पनि दरिलो बन्दै जान्छ। यस हिसाबले भेडाको उनलाई तीन किसिमबाट वर्गीकरण गर्न सकिन्छ :

**(क) छार्बे ऊन**

पहिलो छार्बे उन। यो चारदेखि छ महिनासम्मको छार्बे पाठापाठीको उन हो। यस बेला पहिलो पटक उन काटिएको हुन्छ। यो उन निक्कै नरम हुनका साथै राम्रो पनि देखिन्छ तर खपाउ भने हुँदैन।

(ख) तोर्बे ऊनछार्बे छँदा एक मुरन काटेको ऊन अब अर्को मुरन काट्दा भेडा अर्को छ महिनाको भइसकेको हुन्छ। किनकि उन छ-छ महिनामा काटिन्छ। त्यस बेला भेडा वर्ष दिनको वा वर्ष नाघेको बलेखो भेडा भइसकेको हुन्छ। वर्ष दिन काटेको भेडाबाट निकालिएको रौँलाई तोर्बे उन भनिन्छ।

**(ग) साँड र माउको ऊन**

दुई वर्षभन्दा माथिको उमेर पुगेको भेडाको भालेलाई साँड र पोथीलाई माउ भनिन्छ। त्यस किसिमको भेडाबाट निकालिएको रौँलाई साँड र माउनको उन भनिन्छ। यो खपाउ पनि हुन्छ। तर उन कम आउँछ।

## भेडाको रौँ, ऊन र धागो

भेडाको जीउबाट रौँ काटिसकेपछि अब रौँको नाम उनमा परिणत हुन्छ। अर्थात अब रौँ, रौँ रहदैन, उन हुन्छ। त्यसपछि उनलाई धागो बनाउनुपर्दछ। धागो बनाउनुअघि उनलाई धुनुपर्दछ। धुनको लागि पानीमा एक रात भिजाउनुपर्दछ। त्यसपछि मुग्रोले कुट्दै धुदै-कुट्दै धुदै गरेर सफा बनाउनुपर्दछ। सफा भइसकेपछि घमाइलो स्थानमा सुकाउनुपर्दछ। उन सुक्न दुई-तीन दिनसम्म लाग्दछ। सुकिसकेपछि उनलाई कोरेसोमा कोर्नुपर्दछ। कोरेसो तारको अगाडिपट्टि साना-साना दाँत भएको ब्रस हो। दुई ओटा कोरेसोको बिचमा उनलाई राखेर कपाल कोरे जसरी कोर्नुपर्दछ। यसले उनलाई मुलायम र भुँवादार बनाउँछ। त्यसरी कोरिसकेको उन अब पियुरीमा परिणत हुन्छ। अब तयारी पियुरीलाई सुरूमा हातले थोरै बटारेर कटुवामा दुई तीन फन्का घुमाउनुपर्दछ। कटुवा भनेको बाँसको केही मोटो र बलियो सिन्का हो। यसमा भैँसीको सिङको सानो टुक्रालाई चारैतिरबाट काटेर धागो

बटार्न सजिलो हुने गरी बनाइएको हुन्छ। कटुवामा एक हात जति धागो बटारिन्छ। त्यसपछि धागोलाई राँटोमा सारिन्छ। स्थानीयहरूले चर्खालाई राँटो भन्ने गर्दछन्। राँटोमा सारेपछि धागो बटार्ने काम राँटोबाट सुरू हुन्छ। राँटोको फलामको सुइरोमा बाँधेपछि सरर राँटो घुमाउँदै आवश्यक्ताअनुसार पियुरी छाड्दै धागो तानेर टाउको भन्दा माथि हात जति लामो छ त्यतिसम्म पुगेपछि धागोलाई राँटोको भित्रपट्टिको भिरमा घुमाएर राख्नुपर्दछ। राँटोलाई दाहिने हातले घुमाइन्छ भने पियुरीलाई देब्रे हातले छाड्दै जानुपर्दछ। त्यस क्रममा देब्रे हातको बुढी औँला र चोरी औँलाले धागोलाई समाएको हुन्छ भने अरू औँलाहरूले धागो ठिक्क हुने गरी पियुरी छाड्न सहयोग गर्दछन्। धागो कतै मोटो कतै पातलो हुन दिनु हुँदैन। सबै धागो बराबरीको बनाउनुपर्दछ। भर्खर सिक्दै गर्नेहरूलाई कति पियुरी छाड्दा कति मोटो धागो हुन्छ भन्ने ज्ञानको अभाव हुन्छ। त्यसको लागि लामो अभ्यास, सिप र ज्ञानको आवश्यक्ता पर्दछ। एकै तहको हुने गरी पियुरी छाड्दै धागो बटार्दै जानुपर्दछ। अब पियुरी धागो बन्छ। यस क्रममा राँटो आफू एक भएपनि काम दुई गर्दछ। यसले पहिले पियुरीलाई सरर घुमाएर धागो बनाउँछ, जसलाई स्थानीय बोलीचालीमा धागो तान्ने भनिन्छ। अर्को पटक बनिएको धागोलाई सरर घुमाएर भित्र राख्छ। बाहिरको भागमा धागो बनाइन्छ भने भित्रको भागमा बनिएको धागोलाई एक स्थानमा जम्मा गर्दछ। त्यसरी बनिएको धागो एकहोरो हुन्छ। त्यसलाई बल्लियो बनाउन धागोलाई दोहोरो गर्नुपर्दछ। जुन कार्यलाई स्थानीय बोलीचालीको भाषामा खिराउने भनिन्छ। कतिपय अवस्थामा दोहोरो नबनाई पनि बुनिन्छ। तर त्यस्तो राडी बल्लियो हुँदैन। धागोलाई दोहोरो बनाएर डल्लो पारेर राखिन्छ, जसलाई कुलुङ भाषामा पुम्दिल भनिन्छ। आवश्यक्ताअनुसार धागो बनिसकेपछि अब राडी बुन्नलाई धागो तयार भयो।

## तान थाप्ने प्रक्रिया

तान थाप्दा के बुन्न लागेको हो सोही अनुसारको दोक्थवा (किल्ला) गाड्नुपर्दछ। राडी, लुकुनी वा अन्य जे बुनिन्छ त्यही अनुसारको तयारी र दोक्थवा गाड्नुपर्दछ। राडीको लागि आठ र लुकुनीको लागि छ स्थानमा दोक्थवा गाड्नुपर्दछ। छेस्काममा राडी पनि दुई खाल्को बुनिन्छ। मान्द्रे र चित्रे। मान्द्रे राडी बुन्नलाई अब जमिनमा आठ स्थानमा दोक्थवा (किल्ला) गाड्नुपर्दछ। राडी बुन्नलाई एक सय ३९ पोया नभएसम्म धागोलाई दोक्थवामा घुमाउनुपर्दछ। धागो घुमाउँदा कालो र सेतो मिलाएर घुमाउनुपर्दछ। धागो घुमाई सकेपछि अब दाहिने पट्टिको दोक्थवा जुन केही पर हुन्छ, त्यसमा तानको सबैभन्दा माथि बस्ने लोलोमा राख्नुपर्दछ। लोलोमा भनेको तानको सबैभन्दा माथि भुन्डाइने तीन हात लामो काठ वा बाँसको नफुटाएको डल्लो मोटो टुक्रा हो। त्यसपछि दक्पुसी राखिन्छ। दक्पुसी भनेको लोलोमाभन्दा तल डेइडेइरीभन्दा माथि राखिने ठूलो मोटो बाँसको टुक्रा हो। यसले दुई लहरको धागोलाई प्रष्ट रूपमा दुई भागमा विभाजन गरेको हुन्छ। दक्पुसीपछि तीन स्थानमा डेइडेइरी राखिन्छ। डेइडेइरी धागो घुमाउँदा नै राख्नुपर्दछ। बिचको भागमा तीन ओटा डेइडेइरी राख्नुपर्दछ। दुई ओटासँगै हुन्छ भने एउटा अलिक तल राखिएको हुन्छ। डेइडेइरी भनेको धागोको साँचो हो। यसले धागोको लहरलाई बुन्न र बुन्नका लागि छुट्याएको हुन्छ। त्यसपछि यप्सी राखिन्छ। यप्सी भनेको तान बुन्दा धागोलाई मेलोसम्म ल्याउन सहयोग गर्ने बाँस वा काठको भाटा हो। यसलाई चारैतिरबाट ताछेर चारैतिर धार निकालिएको हुन्छ तर बिचमा नताछी भुक्क उठेको हुन्छ। यप्सी पनि तीन ओटा चाहिन्छ। मेलोलाई स्थानीय चलन चल्तीको भाषामा सिम भनिन्छ, जुन बुनाइको प्रथम विन्दु हो। सिम विनाको खोला नभए

जस्तै सिम विनाको बुनाई पनि हुँदैन। त्यसपछि अर्को दोक्थवामा बेसदिम राखिन्छ। राडी बुन्दा दुई स्थानमा बेसदिम राख्नुपर्दछ। किनभने पछि राडीलाई काटेर जोड्दा काटेको स्थानबाट फुर्का निस्कन्छन्। ठूलो राडी एकैपटक बुन्न सकिदैन। लामो बुन्न सकिन्छ तर चौडाई ठूलो बुन्न एक्लैले सकिदैन। त्यसैले सानो-सानो राडी बुनेर पछि आवश्यक्ताअनुसार जोडेर चौडाई ठूलो बनाइन्छ। त्यसपछि अन्तिममा काम्बिरमा राखिन्छ। पछि तान बुन्ने बेलामा यसै काम्बिरमामा पुनाम्री पनि बाँधिन्छ। यसरी आठै स्थानको दोक्थवामा राडी बुन्न आवश्यक सामग्रीहरू राखिसकेपछि तान थाप्न प्रयोग गरिएको किल्ला हटाउनुपर्छ। अब राडी बुन्नलाई तान थाप्न सकिन्छ। तान थाप्दा तान बुन्नेलाई सजिलो हुने गरी लाथाखम राख्नुपर्दछ। लाथाखम भनेको तान बुन्ने मान्छेलाई तान बुन्न सजिलो हुने गरी दुई ओटा किल्ला गाडेर एउटा काठ वा बाँसको तीन फिट जतिको लामो खुट्टालाई बल मिल्ने गरी ठिक्क ठाउँमा राख्ने काठ वा बाँसको बिट हो। तान बुन्ने क्रममा यप्सी तान्दा तान बुन्ने मानिस नसुल्कियोस् भनेर लाथाखम राखिएको हुन्छ। लाथाखमले तान बुन्नेलाई ओट दिन्छ।

## राडी बुन्ने प्रक्रिया

### (क) मान्द्रे राडी

अब तानलाई लोलोमामा डोरीले बाँधेर केही उच्च स्थानको बलोमा झुन्डाइन्छ। सबै कुरा ठिक पारेर तानलाई झुन्डाईसकेपछि अब राडी बुन्न सुरू गरिन्छ। तान बुन्ने मानिस तान बुन्न बसिसकेपछि तान बुन्नेले आफूलाई पुनाम्रीले बाँध्नुपर्दछ। त्यसरी बाँध्दा कम्भरभन्दा केही तल बाँध्नुपर्दछ। त्यसपछि तानलाई सिधा बनाएर देसदिमको दाहिनेपट्टिबाट तारखखैले



राडी बुन्दै। तस्विरः नारायणभक्त राई

पहिलो धागो छिराउनुपर्दछ। तारखबै भनेको राडी बुन्नलाई बनाएको सानो बाँसको भाटाको तोम्रो हो। त्यसमा राडी बुन्नलाई धागो बटारिएको हुन्छ। त्यसरी छिराएको धागोलाई यप्सीले राडीको आकार आउने गरी देसदिमको बिटमा मिलाउन विस्तारै तानिन्छ। यप्सीलाई धेरै बल लगाएर तान्नु हुँदैन। ठिक्क आवश्यक मात्रामा धागोलाई तलको सिमसम्म पुऱ्याउनुपर्दछ। त्यसपछि सँगै भएको दुई ओटा डेङडेङरीमध्ये एउटाले अर्को धागो छिराएर बुन्नुअघि तल्लो भागको धागोहरूलाई माथिल्लो भागमा र अघि माथिल्लो भागमा भएको धागोहरूलाई तल्लो भागमा सार्नुपर्दछ। त्यसपछि दरूम्सिङको काम आउँछ। दरूम्सिङ बाँसको भाटाको बनाएको हुन्छ। यो बाहिर नै राखिन्छ। धागो छुट्याउने बेलामा दरूम्सिङले दक्पुसीलाई माथि ठेल्ने काममा सहयोग गर्दछ।

डेङडेङरीलाई माथि उचाल्दा दरूम्सिङसँग समातेर उचालिन्छ। यसले गर्दा धागो छुट्याउन सजिलो हुन्छ। त्यसपछि डेङडेङरीले तल र माथिको धागो छुटाईसकेपछि यप्सीले त्यो धागोको सुरलाई तल बुन्ने मेलोसम्म लाने काम गर्दछ भने अर्को तल्लो डेङडेङरीले बुट्टा निकाल्ने काम गर्दछ। त्यसमा कुन रङको बुट्टा निकाल्ने हो त्यही रङको धागो लगाउनुपर्दछ। ती बुट्टाले राडीलाई राम्रो देखाउछ। यो मान्द्रो जस्तो बुट्टेदार हुने भएकाले यसलाई मान्द्रे राडी भनिएको हो। त्यसपछि अर्को बुनाइको लागि फेरि तारखखैलाई देब्रेपट्टिबाट दाहिनेपिट्ट छिराइन्छ र फेरि यप्सीले धागोलाई तलको सुरमा लगेर मिलाउनुपर्दछ। अब फेरि अघिको जस्तै धागोहरूलाई तलको माथि र माथिकोलाई तल गरिसकेपछि पुनः तारखखैले दाहिनेबाट देब्रेपट्टि धागो छिराउनुपर्दछ। त्यसपछि फेरि अघिको जस्तै यप्सीको काम, डेङडेङरीको काम, दरूम्सिङको काम एवम् रूपले राडी पूरा बुनिनसकेसम्म चलिरहन्छ। बुन्ने क्रममा राडी बाङ्गोटिङ्गो हुन नदिन र एकै साइजको बनाउनको लागि कोर्कोर्चो राखिएको हुन्छ। कोर्कोर्चो भनेको बाँसको भाटाको सानो फितकौली जस्तो हुन्छ, जसको दुवैपट्टि बुनेको राडी घुसाउन मिल्ने गरी चोसो काटिएको हुन्छ। त्यसरी बुनिएको राडीलाई काम्बिरमाबाट सार्दै-सार्दै लगिन्छ। अन्ततः त्यसरी सार्दै बुन्दै सार्दै बुन्दै गरिसकेपछि राडी पूर्ण रूपमा तयार हुन्छ। त्यसरी तयार भएको राडीलाई तानबाट काटेर निकाल्नुपर्दछ। अब तयारी राडी आवश्यक्ताअनुसार छेस्कामवासीले विभिन्न साइजको बनाएर प्रयोग गर्ने गर्दछन्। ठूलो बनाउनु परेमा चार ओटासम्म, ठिकैको बनाउनु परेमा दुई ओटासम्म राडीलाई जोडेर एउटा पूर्ण राडी बनाउने गर्दछन्। ती राडीहरू बेच्न वा आफैले ओढ्न, ओछ्याउनका साथै अन्य विभिन्न प्रयोजनमा उपयोग गर्ने गर्दछन्। 'यसरी बुनिएको राडी अन्य राडीभन्दा ज्यादा खप्छ। सुन्दर देखिन्छ। तर मान्द्रे राडी बुन्न सजिलो भने छैन। चित्रे राडीभन्दा मान्द्रे राडी बुन्न धेरै ज्ञान र सिपको आवश्यक्ता पर्दछ। उन पनि धेरै लाग्छ। त्यसैले आजकालकाले मान्द्रे राडी बुन्न जान्दैनन्। यो विस्तारै हराउँदै जान थालेको छ,' भन्छिन् ६८ वर्षकि छत्रमणि कुलुङ राई। राईलाई उनको आमाले राडी बुन्न सिकाएको स्मरण गर्दछिन्। एउटा मान्द्रे राडी बुन्न तीन दिनसम्म लाग्छ। राडी कत्रो बुन्न लागेको हो, सोही अनुसारको उन लाग्दछ। ठूलो बुन्दा धेरै र सानो बुन्दा थोरै उन लाग्दछ।

**(ख) चित्रे राडी**

चित्रे राडी बुन्नलाई पनि तान थाप्ने र बुन्ने प्रक्रिया मान्द्रे राडी जस्तै हो तर यसमा एउटा डेङडेङरी भए पुग्छ। किनभने चित्रेमा बुट्टा चाहिँदैन। चित्रा जस्तो सरासर बुनिन्छ। यो बुन्न मान्द्रेभन्दा सजिलो हुन्छ। तर यो धेरै बल्लियो हुँदैन। बुट्टादार पनि हुदैन। चित्रे राडी बिहानदेखि बुन्न थालेमा बेलुकासम्म बुनी सकिन्छ। यसको पनि उपयोग भने मान्द्रे राडी जसरी नै गरिन्छ।



लुख्पा बुन्दै । तस्विरः नारायणभक्त राई

**(ग) लुकुनीको लागि राडी**


लुकुनीको पनि बुन्ने प्रकृया मान्द्रे राडीको जस्तै हुन्छ। किनभने लुकुनी पनि बुट्टादार हुन्छ। लुकुनीको लागि छ स्थानमा दोक्थवा गाडिएको हुन्छ। किनकि लुकुनी राडीभन्दा छोटो हुन्छ। लुकुनी मान्छेले आफ्नो कम्बरभन्दा माथिको भागमा लगाउँछन्। त्यसैले यो राडीभन्दा छोटो बुनिन्छ। यसको तान पनि छोटो र बुनाई पनि छोटो हुन्छ। यो छोरा वा छोरी मान्छे दुवैले लगाउन मिल्छ। ठिकैको लुकुनी बुन्न एक धार्नी उनले दुई ओटा निस्कन्छ। तर अलिक लामो बुन्नु परेमा एउटा लुकुनी बनिन्छ र केही उन बाँकी रहन्छ।

**(घ) लम्पट**

लम्पट भनेको सेतो, कालो र रातो (खासमा कालो र रातो मिस्सिएको जस्तो देखिने उन) तीन ओटै भेडाको उन प्रयोग गरेर बनाइएको हुन्छ। लम्पट विशेषतः ओछ्याउने गरिन्छ। विशेष पाहुनाहरू आउँदा सम्मानको लागि बस्नलाई ओछ्याइदिने चलन हुन्छ। एउटा लम्पट बुन्नको लागि तीन विसौली आठ पोल उन चाहिन्छ।

सबैखाले उनको प्रयोग गरेर बनाइने हुनाले यो रङ्गीन हुन्छ। यसलाई चित्रा जसरी बुन्नुपर्दछ। यसरी छेस्काममा प्रकृतिले मानिसलाई, मानिसले भेडालाई, भेडाले मानिसलाई र मानिस र भेडाले प्रकृतिलाई सुन्दर र अर्थपूर्ण तुल्याएको पाइन्छ। यस किसिमबाट प्रकृति, कुलुङ जाति र भेडाबिचको त्रिकोणात्मक जीवन चक्र चलिरहेको छ। यहाँ प्रत्येकलाई एकअर्काको आवश्यक्ता, उपयोगिता र अन्तरसम्बन्ध महत्वपूर्ण रूपले अन्तरनिहित रहेको पाइन्छ।

●●●



NEFIN


**नेपाल आदिवासी जनजाति महासंघ**

**जलवायु परिवर्तन साझेदारी कार्यक्रम**

महाराजगञ्ज, काठमाडौं, नेपाल, फोनः ९७७-१-४५१५३७६, इमेलः info@nefinclimatechange.org

वेवसाइटः www.nefinclimatechange.org


PODONG INDIGENOUS PEOPLES INITIATIVE | IIFB International Indigenous Forum on Biodiversity | IUCN OPIs | In partnership with Canada